# सृजनापुञ्ज

(कवितासङ्ग्रह)

विष्णुप्रसाद पन्त

२०८३

कृति : सृजनापुञ्ज

विधा : कवितासङ्ग्रह

लेखक/प्रकाशक : विष्णुप्रसाद पन्त



सर्वाधिकार : लेखकमा



प्रकाशन मिति : २०८३

प्रकाशित प्रति : ५०१

संस्करण : प्रथम

ले-आउट : दीपेन्द्र बस्नेत
: सूर्योदय डेस्कटप

मूल्य रु. ३००/-

गुणनिधि धनलक्ष्मी पन्त स्मृति प्रतिष्ठान
चाबहिल, काठमाडौँ

*'Srijanapunja'*
**by : Bishnu Prasad Panta**
**ISBN : 978-9905-0-0675-1**

# सामाजिक जीवनका कविता



**ठाकुर शर्मा भण्डारी**

विष्णुको रचनाभित्र समाज पूर्ण खुल्दछ
नैतिकी भावनाभित्र अनेकौँ रस मिल्दछ।
बगाइ भावनाको छ सौन्दर्यको सुसाइ छ
कल्कलाइ नदीको छ कल्पनाको रखाइ छ।

जीवन्त जीवनी यात्रा स्वाभाविकी रखाइमा
पारदर्शी बनेका छन् कविता रस-भावमा।
परिष्कार यहाँ मिल्छ मानवीय स्वभावमा
जिन्दगी साधनाभित्र विचित्रको विचारमा।

उन्नति मार्ग पैल्याई दुःख टाढा बनाउने
कर्म मार्ग खुला राखी हितकार्य सजाउने।
कतै छ शान्तिको चाह, आनन्दमय भावना
समभाव लिई हिँड्ने सुन्दर लक्ष्य साधना।

विष्णुको कल्पना चित्र कवितामा सुसाउँछन्
एकत्व शब्दको गाँठो अन्तर्यमा फुकाउँछन्।
सुख के ? दुःख के ? भन्दै मानवी-वृत्ति आउँछन्
समाधान स्वयं खोली गीताको अर्थ गाउँछन्।

पूर्ण ज्ञान भए मात्र संसार सार मिल्दछ
नदी झैं कल्कलाएर जीवन बग्नुपर्दछ।
अनेकौँ सार पैल्याई सत्य यो सबले बुझौँ
भ्रमित मनको भाका हटाई लक्ष्यमा जुटौँ।

मानवी सोच-गन्तव्य-कर्तव्यतिर लाग्नु छ
भन्ने भाव सबै भित्र आओस् यो कवि सार छ ।
यथार्थ जीवनीतर्फ लाग्ने शिक्षा-विचारमा
कविता अग्रगामी छन् विष्णुको भाव धारमा ।

पारमार्थिक जीवन्त कविताको हिँडाइमा
विष्णुप्रसादको भाका खुलेको छ सुसाइमा ।
नवीनता यहाँ मिल्छ दृष्टिकोण छ भौतिकी
भविष्य जान्न को सक्छ ? भन्ने भाव छ लौकिकी ।


कविता-काव्य सौन्दर्य मीठा भाका मिलाउने
विदेशभित्रका यात्रा-लेखनीमा सजाउने
सुसेली कविता व्यक्त गरिएका विचारमा
विष्णुको शब्द-माधुर्य देखिन्छ सृष्टि कर्ममा ।

वार्णिक छन्दको यात्रा खुलेको छ निरन्तर
नैतिकी काव्यको यात्रा परिष्कार छ सुन्दर
सामाजिकी बनेका छन् साधनाको उचाइ छ
जीवन्त जीवनी चित्र माधुर्यको सुसाइ छ ।

पठनीय भएका छन् कविता बाल-वृद्धमा
सबैका लागि शिक्षा हो जीवनको सुधारमा
आध्यात्मतिरको यात्रा गरेको काव्य-साधना
अग्रगामी बनेका छन् कवितायुक्त धारणा ।

***

# 'सृजनापुञ्ज'को अनुगुञ्जन



**रामप्रसाद पन्त**

कविता लेख्नु भनेको जीवन र जगत्को अन्तर्सम्बन्ध अर्थ्याउनु हो । अन्तर्सम्बन्ध बोध गराउनु हो । अन्तर्सम्बन्ध स्थापित गराउनु हो र स्थापित भएको मधुर सम्बन्धलाई निरन्तरता दिनु हो । कविता लेख्नुको अर्थ हुन्छ, कविता लेख्नुको प्रयोजन हुन्छ, कविता लेख्नुको उद्देश्य हुन्छ । कविले कविता त्यसै लेख्दैन । लहडमा लेखिएको कविता, कविता पनि बन्दैन । कविता लेख्नका लागि कविभाव जन्मनुपर्दछ । कविता लेख्ने हुटहुटी जाग्नुपर्दछ र कविता बर्सनुपर्दछ असिना बर्सेसरि ।

'कविता' शब्द त्यसै बनेको होइन । अर्थपूर्ण छ कविता । बोधगम्य छ कविता । सारपूर्ण छ कविता । वस्तुतथ्य छ कविता । कल्पना, विचार र तारतम्य (कला, लय वा प्रवाह) को संयोजन हो कविता । कल्पना अर्थात् भावना, विचार अर्थात् कविता तत्व र काव्यात्मक सौन्दर्य नै कवितामा प्राण सञ्चार गर्ने अवयवहरू हुन् । यिनैलाई संयोजन गरेर प्राण भरिदिन्छ कविले ।

संवेदना, सौन्दर्य र विद्रोह कविताका गुणहरू हुन् । कविताले पाठकको मन, मस्तिष्क, प्रकृति र समयलाई कवितामा जोडिदिएको हुन्छ । जीवनसँग प्रकृति र प्रकृतिसँग समय जोडिएन भने त्यसले समाजलाई सम्बोधन गर्न सक्तैन । समाजलाई सम्बोधन गर्न नसक्ने कविता यथार्थमा कविता हुन पनि सक्दैन ।

असल कविता सिर्जना हुनका लागि कविमा समर्पण भाव हुनुपर्दछ । समर्पण भाव नभएको कवितामा जीवन हुँदैन । जीवन नभएको कविता प्लाष्टिकको फूलजस्तो हुन्छ । कविताजस्तो त देखिन्छ तर प्राण हुँदैन ।

कविले कविता लेख्दा दूरगामी दृष्टिकोण राखेर लेख्नुपर्दछ, अर्थात् कविताले दूरगामी प्रभाव छाडोस् र युगयुगसम्म नवीन बनिरहोस् । समाजलाई मार्गदर्शन गरिरहोस् र कहिल्यै पुरानो नहोस् ।

मेरो विचारमा संसारमा मानिस दुई प्रकारका मात्र छन् । एक प्रकारका मानिस छन्, तिनले जीवनलाई युद्ध ठान्छन् । अर्को प्रकारका मानिस छन्, तिनले जीवनलाई यज्ञ ठान्छन् । कर्मलाई युद्ध ठान्ने मानिसहरू जीवनमा असफल हुन्छन् । कर्मलाई यज्ञ ठान्ने मानिसहरू सफल हुन्छन् । यज्ञकुशल मानिसहरूलाई जीवन जिउन पनि सजिलो हुन्छ । यस्तै कर्मलाई यज्ञ बनाएर तदनुरूप आचरणमा परिवर्तित गर्ने मार्गमा लागेका व्यक्तिको नाम हो– विष्णुप्रसाद पन्त । उहाँद्वारा सिर्जित कवितासङ्ग्रहका बारेमा केही शब्द खर्च गर्दै छु म यस वेला ।

एउटा सामान्य मध्यमवर्गीय परिवारमा जन्मी हुर्केको मानिस अनेक जीवनसङ्घर्षहरू गर्दै र पढ्दै स्नातकोत्तरको डिग्री हासिल गर्छ र अन्ततः क्याम्पस प्रमुखको जिम्मेवारी पनि सफलतापूर्वक सम्हाल्न सक्छ भने त्यस्तो व्यक्ति समाजमा सम्मानित हुन्छ । यस्तै सङ्घर्षशील व्यक्तित्वको नाम हो– विष्णुप्रसाद पन्त ।

विष्णुप्रसाद पन्त क्याम्पसप्रमुखको उत्तरदायित्वबाट मुक्त भएपछि पनि चुप लागेर बस्नुभएन । यद्यपि उहाँलाई जीवन जिउन कुनै कठिनाइ थिएन तथापि उहाँले जीवनलाई शैक्षिक एवं प्राज्ञिक कर्ममा लगाउनुभयो । उहाँले स्थानीय सरकारको सहयोगमा नव पुस्तकालय तथा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गरी मासिक रूपमा साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै आउनुभएको छ भने आफ्ना मातापिताको नाममा स्थापित गुणनिधि पन्त स्मृति प्रतिष्ठान मार्फत पितृ संस्मरण र सामाजिक सद्भावका कार्यहरूलाई पनि अगाडि बढाउँदै आउनुभएको छ । यसबाहेक आफूले सेवा गरेको पशुपति बहुमुखी क्याम्पसको अभिभावकत्व र थुप्रै संघसंस्थाहरूमा अध्यक्ष, संरक्षक, सल्लाहकार र सदस्यको जिम्मेवारी वहन गरेर समाजसेवा पनि गर्दै आउनुभएको छ ।

साहित्य सेवा विष्णुप्रसाद पन्तको अर्को रुचिको विषय हो। उहाँले 'म साहित्यकार होइन, म लेख्न जान्दिनँ' भन्दाभन्दै चौधवटा कृति प्रकाशन गरिसक्नुभएको छ भने पछिल्लो कृति 'सृजनापुञ्ज' कवितासङ्ग्रह प्रकाशित गरेर एउटा सक्षम र सफल साहित्यकारको रूपमा आफूलाई जनसमक्ष उभ्याउनुभएको छ। यस कृतिले श्री पन्तलाई एउटा अध्यात्म चिन्तक व्यक्तिको रूपमा चिनाएको छ र विष्णुप्रसाद पन्त मुक्तछन्दको कविमात्र होइन, शास्त्रीय एवं वार्णिक छन्दको पनि सफल प्रयोक्ता हो भनी सिद्ध गरिदिएको छ।

प्रस्तुत कृति 'सृजनापुञ्ज' भित्र के छ भन्दा पनि के छैन भनेर खोज्नुपर्ने अवस्था छ। जीवन र जगत्को अन्तर्सम्बन्ध, प्रकृति र मानवीय संस्कृतिको सम्मिश्रण, बाह्य जगत् र अन्तर्जगत्को अन्तर र मानवीय कर्म निर्वहनको क्रममा भएका यावत् सन्दर्भहरूले कृति महिमामय र गरिमामय हुन पुगेको छ।

हो, माथि उल्लेख गरिएजस्तै वस्तुतथ्य रूपमा कविका चाहना, कविका भावना, कविको सम्बन्ध, कविको निर्माण अभिलाषा, कविको दृष्टिकोण, कविको सुख दुःखप्रतिको समभाव, कविको एकत्व भाव, कविको मानवीय प्रवृत्ति, कविको साथ सङ्गत, कविको प्रेम र विश्वास, कविको सत्यनिष्ठा, कविको गन्तव्य, कविको लक्ष्य र उद्देश्य, कविको विचार, कविको सचेतना, कविको उक्तिमाधुर्य, कविको जीवन र जगत्बारे धारणा, कविको प्रकृतिप्रेम, कविको शान्ति कामना र कविका लक्ष्यचिन्तनहरू यस कवितासङ्ग्रहभित्र सघनरूपमा प्रस्तुत भएका छन्।

यस सङ्ग्रहमार्फत कविले विभिन्न प्रकारका सन्देशहरू जनसमक्ष प्रवाह गर्नुभएको छ। हामी जाग्नुपर्दछ र सङ्गठित रूपमा अगाडि बढ्नुपर्दछ भन्ने कविको दृष्टिकोण छ। हामीले शत्रुता त्यागेर मैत्रीपूर्ण हात अगाडि बढाउनुपर्दछ भन्ने कविको भावना छ। हामीले आफूभित्र रहेका विकारहरूलाई कसरी शुद्धीकरण गर्न सक्छौं भन्ने उपायहरू पनि अन्तर्निहित कविताहरूबाट व्यक्त भएका छन्।

अदृश्य ईश्वरलाई दृष्टिगोचर गर्नका लागि चर्मचक्षुबाट सम्भव छैन, तेस्रो आँखा उद्घाटन गरेर आफैभित्र पस्नुपर्छ भन्ने सूत्रहरू पनि यस सङ्ग्रहभित्र समाविष्ट छन् । दुखित मनलाई कसरी सुखी बनाउन सकिन्छ ? आफ्नो स्थान के हो र त्यस स्थानको सुरक्षा कसरी गर्न सकिन्छ ? धैर्य र सहनशीलताको फल कति मीठो हुन्छ ? भन्ने सन्देशहरू पनि कविताभित्र ओतप्रोत छन् ।

कविताहरू नैतिक दृष्टान्तमा आधारित छन् । लाज के हो ? त्रास के हो ? मानिसको कमजोरी के हो ? परिवर्तनको सूत्र के हो ? कटुता के हो ? विनम्रता के हो ? मानिसको बाध्यता के हो ? क्षमता के हो ? क्षमतालाई प्रयोग गर्ने उपाय के हो ? इत्यादि सन्दर्भहरू यस सङ्ग्रहभित्र ओतप्रोत छन् भने मानिसले अपनाउने गरेको स्वार्थीपन, भित्र एउटा र बाहिर एउटा देखिने मानिसका द्वैध चरित्रहरू, निवारण हुनुपर्ने उपायहरू, घमण्डको प्रतिफल के हुन्छ भन्ने उदाहरणहरू पनि यस कृतिमा सघनरूपमा अनुप्रमाणित भएका छन् ।

यति लेखिसकेपछि कविबारे अब धेरै बोल्नु छैन । बोल्नुपर्ने एउटै कुरा बाँकी छ– कवि विष्णुप्रसाद पन्तले मलाई भूमिका लेख्न किन दिनुभएको होला ? लाग्छ, यसको उत्तर स्पष्ट छ– कविको दायित्वप्रति हार्दिक एवं मैत्रीपूर्ण सम्बन्ध । जहाँ भावनारूपी अन्तर्सम्बन्धमा एकत्व भाव जागृत हुन्छ, त्यहाँ द्वैत भाव रहँदैन । 'पूर्णात् पूर्णमुदच्यते' अर्थात्, पूर्णमा पूर्णता नै बाँकी रहन्छ । यस अर्थमा मलाई यति लेख्ने अवसर दिनुभएकोमा कवि विष्णुप्रसाद पन्तप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु, साथै कवि पन्तबाट यस्तै पठनीय र सङ्ग्रहणीय कृतिहरू आइरहून् भन्ने कामना पनि गर्दछु ।

अध्यक्ष

दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल

# आफ्नै कुरा

## विष्णुप्रसाद पन्त

मानिसले जीवनमा सिकेर कहिल्यै सक्दैन र जानेर पनि। जीवन एउटा सिक्ने र जान्ने शृङ्खलाको धागोमात्र हो। विभिन्न प्रकारका अनुभवहरू र ज्ञानहरूलाई एउटा सुन्दर माला बनाउन सके त्यसबाट आनन्द प्राप्त हुन सक्दछ। सबैको हित हुने कार्यमा जीवनका पलहरू बित्न सके निश्चय नै आनन्द प्राप्त हुन सक्दछ। प्रत्येक व्यक्तिले यिनै कुराहरूलाई आफ्ना कदमहरूमा चाल्न खोज्नुपर्दछ। समयले सबै कुरा सिकाउँदै जाँदो रहेछ। विचारमा परिवर्तन हुँदै जाँदो रहेछ। समय र परिस्थिति अनुसार व्यक्तिले फरक फरक भूमिका निर्वाह गर्न बाध्य हुँदो रहेछ। आफ्ना अगाडि आउने कुनै पनि चुनौतीसँग बाध्य भएर जुध्नुपर्दो रहेछ। चुनौतीहरूसँग भागेर कतै लुक्ने ठाउँ मिल्ने रहेनछ।

मेरो जीवन पनि विभिन्न कालखण्डमा फरक-फरक भूमिका निर्वाह गर्दै आज यस क्षणसम्म आइपुगेको छु। पछिल्लो समय साहित्य लेखन र अध्ययन गर्ने क्रममा समय बिताउँदै छु। प्रत्येक व्यक्तिभित्र फरक-फरक भावना र विचार हुन्छन् ती भावना र विचारहरूलाई समेटेर केही सृजनाहरू गर्न सक्दा राम्रो हुन्छ। यसबाट असल विचार र अनुभवहरू अरूले सिक्न सक्नेछन्। पाठकहरूले केही थप कुरा जान्न सक्नेछन्। यिनै परिवेशमा मैले पनि आफ्ना अनुभव र विचारलाई सृजनाका माध्यमबाट समाजमा समर्पण गर्ने प्रयास गर्दै छु। मेरा कृतिहरूले समाजमा ठूलो योगदान दिन नसक्लान् तर पनि सागरमा एक थोपा पानीको रूपमा रहलान् भन्ने लाग्छ। यस 'सृजनापुञ्ज' कवितासङ्ग्रह पुस्तकका रूपमा यहाँहरू समक्ष प्रस्तुत भएको छ। सीमित ज्ञानबाट लेखिएका कविताका पङ्क्तिहरूले यहाँहरूका आँखा

नबिझ्झाऊन्, मनमा नकारात्मक प्रभाव नपरोस्, थोरै भए पनि शीतलता दिन सकोस् साथै रचनात्मक सुझ्झाव र सल्लाह सदाझैं मिलिरहोस् भन्ने अपेक्षा गर्दछु।

भनिन्छ सङ्गतले मानिसलाई ठूलो प्रभाव पार्दछ। मलाई पनि सङ्गतले गहिरो प्रभाव पार्दै गइरहेको छ। हिजोका दिनहरूमा मेरो सङ्गत फरक-फरक महानुभावहरूसँग थियो किनकि म जिम्मेवारीमा थिएँ तर आज म स्वतन्त्र छु र साहित्यिक व्यक्तित्व, जो आफैमा स्वतन्त्र र विद्वान् हुनुहुन्छ। उहाँहरूसँग मेरो सङ्गत भएको छ। म अत्यन्त खुसी छु। वरिष्ठ साहित्यकारज्यूहरू जस्तै ठाकुर शर्मा भण्डारी, युवराज मैनाली हरिभक्त सिग्देल 'महेश', कलानिधि दाहाल, रामप्रसाद पन्त, शैलेन्दु प्रकाश नेपाल, गोपी मैनाली, प्रयागराज भट्टराई, विष्णु केसी, महेश प्रसाईं, अर्जुनदेव भट्टजस्ता धेरै साहित्यकारज्यूहरूसँगको सङ्गतले ममा छुट्टै प्रकारको ऊर्जा प्राप्त भएको महसुस गरेको छु। उहाँहरूबाट धेरै कुरा सिक्ने अवसर पाएको छु। उहाँहरू सबैप्रति आभार प्रकट गर्दछु।

यस कृतिलाई शुद्ध र सुन्दर बनाउन आफ्ना महत्त्वपूर्ण समय खर्चनुका साथै सल्लाह र सुझ्झाव दिँदै कृतिको सार खिची समीक्षात्मक कविता लेखी कृतिको उचाइ थप गरिदिनुहुने वरिष्ठ साहित्यकार ठाकुर शर्मा भण्डारीज्यूप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु।

यस कृतिको सम्बन्धमा पूर्णतया अद्योपान्त अध्ययन गरी भूमिका लेखिदिनुहुने वरिष्ठ साहित्यकार, दायित्व वाङ्मय प्रतिष्ठानका अध्यक्ष एवं वरिष्ठ नियात्राकार आदरणीय श्री रामप्रसाद पन्तज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

यस पुस्तक लेखनको सम्बन्धमा सहयोग र सल्लाह दिनुहुने सम्पूर्ण महानुभावहरूप्रति आभार प्रकट गर्दछु। पुस्तक छाप्ने क्रममा सहयोग गर्नुहुने सूर्योदय छापाखानाका प्रोप्राइटर श्री हरिबहादुर कार्कीज्यू तथा साजसज्जा गरिदिने दीपेन्द्र बस्नेतजीप्रति धन्यवाद व्यक्त गर्दछु।

*सुकेधारा, का.म.पा.-४*

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| १. | चाहना | १५ |
| २. | सम्बन्ध | १७ |
| ३. | निर्माणमा अघि बढौँ | १९ |
| ४. | दृष्टिकोण | २१ |
| ५. | सुख-दुःखको भाव | २३ |
| ६. | एकत्वभाव | २५ |
| ७. | मानवीय प्रवृत्ति | २६ |
| ८. | सङ्गत | २८ |
| ९. | समानताको भाव | २९ |
| १०. | प्रेम र विश्वास | ३२ |
| ११. | सत्य यो सबले बुझौँ | ३४ |
| १२. | सब नै जाग्नुपर्दछ | ३७ |
| १३. | लाज र त्रास | ३९ |
| १४. | भ्रमित जीवन | ४१ |
| १५. | कमजोरी | ४२ |
| १६. | देखावटी | ४३ |
| १७. | बिझ्ने बोली नबोलौँ | ४४ |
| १८. | गन्तव्य | ४५ |
| १९. | लक्ष्यको खोजी | ४७ |
| २०. | मानवी सोच | ४८ |
| २१. | जिभ्रोलाई बचाऔँ | ४९ |
| २२. | कर्तव्य | ५१ |
| २३. | सञ्चेतना | ५२ |
| २४. | बाध्यता | ५४ |
| २५. | क्षमता | ५५ |
| २६. | बलेको आगो ताप्ने | ५६ |
| २७. | जस्तो भित्र त्यस्तै बाहिर | ५७ |
| २८. | उज्यालोपन | ५८ |
| २९. | घमण्डको फल | ५९ |
| ३०. | निराशा | ६० |
| ३१. | सूक्ष्मताको महत्त्व | ६१ |
| ३२. | शत्रुता र मित्रता | ६२ |

| क्र.सं. | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| ३३. | विकारको निवृत्ति | ६३ |
| ३४. | यात्रा | ६४ |
| ३५. | परिवर्तन | ६५ |
| ३६. | अँध्याराको फल | ६६ |
| ३७. | जीवनचक्र | ६८ |
| ३८. | सुखको महत्त्व | ७० |
| ३९. | बोल्नेको पीठो बिक्छ | ७१ |
| ४०. | आनन्दमय ईश्वर | ७३ |
| ४१. | समस्या समाधान | ७४ |
| ४२. | मनको खुसी | ७५ |
| ४३. | पात्रता | ७६ |
| ४४. | सफलता | ७७ |
| ४५. | प्रकृतिको महत्त्व | ७८ |
| ४६. | प्रयत्न गर्नु छ | ८० |
| ४७. | आफ्नै स्थान | ८१ |
| ४८. | रूप | ८२ |
| ४९. | पर्खाइको आनन्द | ८३ |
| ५०. | मन सागर | ८४ |
| ५१. | अन्तस्करण | ८६ |
| ५२. | क्षणिकता | ८७ |
| ५३. | लक्ष्यचिन्तन | ८८ |
| ५४. | शान्तिकामना | ९० |
| ५५. | सङ्गतको फल | ९२ |
| ५६. | थोरै सुन्ने धेरै गर्ने | ९४ |
| ५७. | कर्ममा जुट्नुपर्दछ | ९६ |
| ५८. | नवीनता | ९७ |
| ५९. | स्वच्छता | ९८ |
| ६०. | भोलि | ९९ |
| ६१. | नभएको चाह | १०१ |
| ६२. | सम्पत्तिको महिमा | १०३ |
| ६३. | हाँसेर बाँच्नुपर्दछ | १०४ |
| ६४. | पूर्ण कतै छैन | १०६ |
| ६५. | चाहना | १०७ |
| ६६. | सद्विचार | १०९ |
| ६७. | साङ्केतिक भाषा | १११ |
| ६८. | अगाडि बढ्नुपर्दछ | ११२ |
| ६९. | सम्भावना अपार छ | ११४ |
| ७०. | पुग्ने हो कसरी घर ? | ११५ |
| ७१. | रम्छ यो मन | ११६ |
| ७२. | जीवनको यथार्थ | ११७ |

# चाहना

महँगा वस्तु पाएर पाइन्न सुख यो बुझौं
मिल्ने सुहाउने मात्र सङ्ग्रह वस्तुको गरौं ।
चञ्चले मन यो हाम्रो रङ्गीन वस्तु छान्दछ
वस्तुमा सुख पाइन्छ भन्ने यो भ्रम पाल्दछ ।

जीवन धान्नका लागि खाँचो पर्दछ वस्तुको
कस्तो वस्तु लिने भन्ने भर पर्दछ व्यक्तिको ।
धनीको चाह अर्कै छ महँगा वस्तु रोज्दछ
कहाँ पाइन्छ त्यो वस्तु भनेर मन खोज्दछ ।

सस्ता वस्तु भए पुग्छ महँगातिर छैन जो
घाँटी हेरेर नै रोज्छ सजिलैसँग निल्छ त्यो ।
गरीब मनका लागि साधना छ सबैतिर
कति छन् चाहना भित्र लाग्दछौं खोज्न खातिर ।

अनेकौं वस्तुको माझ एउटा वस्तु साँच्नु छ
आफ्नो लागि सही वस्तु चिनेर छान्न सक्नु छ
उपयुक्त भए मात्र वस्तुको स्वाद मिल्दछ
सुखानुभूतिका साथ खुसीको फूल फुल्दछ ।

देश काल मिलाएर वस्तुको चाह बन्दछ
परिस्थिति सुहाउँदो सङ्ग्रह गर्नुपर्दछ
सबैको चाहना यौटै नहुने सत्य यो बुझी
अनेकौं विषयीवस्तु पाइँदैनन् सधैंभरि ।

सकिन्न सहजै बुझ्न अनौठा रीत छन् उता
अरूले बुझ्न के सक्थे सृष्टिका चीज छन् यता
जहाँ जे जसरी चल्छ चलेकै छ सबैतिर
जे हुनु छ यहाँ हुन्छ पीर गर्नुपऱ्यो किन ।

आफूजस्तो अरू हुन्न सत्य यो बुझ्नुपर्दछ
चाहना पनि भिन्नै छ सबैले जान्नुपर्दछ
आत्मा ईश्वर हो ठान्दा सबै नै एक लाग्दछ
प्राणीमात्र सबै एक भएको भाव जाग्दछ ।

व्यवहार गरी हेर्दा मित्रता देख्न सक्दछु
गर्दै-पर्दै अनि मात्र मान्छे मानिस चिन्दछ
दिने-लिने सबै कार्य स्वच्छ पार्न सक्यौँ भने
समाज स्वर्ग झैँ बन्छ हामी सबै मिल्यौँ भने ।

सानो-ठूलो गरे भेद मिल्दैन मन क्यै गरी
आदर अरूको गर्ने भाव राखौँ सधैँभरि
योग्यता दक्षता सीप फरक हुन सक्दछ
पूजा सम्झे सबै काम समान लाग्न सक्दछ ।

प्राणशक्ति सबैमा छ रातो रगत हो सबै
धर्ती-आकाश यौटै छ वायुको भरमा सबै
जन्म-मृत्यु सबैमा छ विधाता पनि एक छन्
प्राणी सबै भए एक आनन्दमय रास छन् ।

***

# सम्बन्ध

घिउ निकाल्नका लागि दही त मथ्नु नै पऱ्यो
मदानीसँग ठेकीको सम्पर्क रहनै पऱ्यो
ठेकीमा दूध राखेर जमेमा दही बन्दछ
असमर्थ छ त्यो ठेकी, साधना गर्नुपर्दछ ।

ठेकीमात्र हुँदासम्म शान्त हुन्छ सबैतिर
परिवर्तन क्यै हुन्न अगाडि बढ्न खातिर
उम्रिँदैन कतै बीज चल्दैन सृष्टिको गति
उदास जग यो बन्छ कहाँ हुन्छ र उन्नति !

मदानीसँग क्यै हुन्न बुद्धि र बलमात्र छ
घमण्ड उसमा छैन प्रतीक्षा-भावमात्र छ
अनुरोध भए मात्र कार्यमा अघि सर्दछ
अनुकूल भए मात्र सृजना कर्म गर्दछ ।

काठबाट बन्यो ठेकी मदानी पनि काठको
दुवैको स्रोत यौटै हो विविध कर्ममात्र हो
रूप आकार बेग्लै छ दुवैको लक्ष्य एक छ
एउटा नहुँदा अर्को किञ्चित् चल्दैन सुस्त छ ।

बासस्थान अलग्गै छ संस्कार पनि भिन्न छ
क्रियाकलाप भिन्नै छ आत्माको रूप एक छ
दुवैको शक्ति उस्तै छ परनिर्भर छन् दुवै
साहारा अरूकै पाई चलेका छन् दुवै सधैँ ।

भेट हुन्न सधैँ हुन्न भेटेरै काम गर्दछ
सहयोग दुवैको नै निर्माण कार्य चल्दछ
नमिली सुख नै छैन लक्ष्यमा पुग्न खातिर
मिलेरै सार निस्कन्छ यसैमा सत्य निर्भर ।

***

# निर्माणमा अघि बढौँ

सृष्टिको गरिमा देखी कर्तामा झुक्छ यो मन
प्राणीको हितका लागि प्राप्ति छ सब यो धन
भावना जसरी जन्म्यो जे हुनुथ्यो त्यही भयो
जाडो गर्मी जता जे छ सबैले त्यही नै सह्यो ।

डाँडा-पाखा जता जे छन् स्वीकार्नु सबले पऱ्यो
विरोध गर्न को सक्छ ? सहेर बस्नु नै पऱ्यो
भागमा जे परेको छ सम्हाली बस्नुपर्दछ
मिलेका छन् जति वस्तु त्यसैमा रम्नुपर्दछ ।

अरूको घरमा के छ ? चासो राख्नुपऱ्यो किन ?
के कस्तो कसले गर्छ ईर्ष्या गर्नुपऱ्यो किन ?
आफ्नालाई सजाएर खुसी भै बाँच्नुपर्दछ
खुसी पाइन्न खोजेर सबैले बुझ्नुपर्दछ ।

सबै स्वाद कहाँ मिल्छ ? एउटै फलमा बुझौँ
सबैलाई सबै थोक दिएको हुन्न यो बुझौं
महत्त्व सबको हुन्छ कम-बेसी हुँदैन त्यो
देशकाल पराशक्ति माथि नै भरपर्छ त्यो ।

उन्नति गर्नको लागि सङ्कल्प गर्नुपर्दछ
नेतृत्व जसले लिन्छ उसैमा भर पर्दछ
पवित्र भावना बोकी नेतृत्व हिँड्नुपर्दछ
नागरिक सबैमा यो भावना हुनुपर्दछ ।

राम्रो काम गरेकोमा प्रशंसा गर्नुपर्दछ
राम्रो काम गरौँ भन्ने भावना जाग्नुपर्दछ
सबैमा एउटै सोच राम्रो काम गरौँ भनी
आएमात्र हुने गर्छ उन्नति देशको पनि ।

विश्वासको खडेरी छ शङ्कैशङ्का जताततै
लुट्ने-लड्ने सबै मान्छे भ्रष्टाचार जताततै
असल सब भाग्दै छन् छोडी देश कतै पर
राम्रो स्थिति कतै छैन बिग्रिँदै छ अझै घर ।

सबैको एउटै लक्ष्य देश निर्माणको भए
सबै स्वार्थ हटाएर एउटै स्वार्थ भैदिए
देश निर्माणमा लागौँ बनाऔँ देश सुन्दर
साझा सङ्कल्प यो मानौँ अवश्य बन्छ सुन्दर ।

सङ्कीर्ण सोच त्यागेर सबै एक भयौँ भने
उन्नति रोक्न को सक्छ ? काम गर्दै गयौँ भने
सिक्ने सामर्थ्य होस् यस्तो बुझेर धारणा बनी
बनाई काम गर्नेमा देखिनेछन् प्रभा ध्वनि ।

प्रत्यत्न नगरेसम्म सफल हुन्न क्वै पनि
बनेको छ सबै विश्व माहुरी, कमिला बनी
आजकै दिन हो राम्रो काम गर्ने कुरा गरौँ
सबै हामी भई एक निर्माणमा अघि सरौँ ।

***

# दृष्टिकोण

रातमा रङ्ग खोजेरै मान्छे नै दङ्ग पर्दछन्
प्रकृतिसँगको नाता किन ती भङ्ग गर्दछन्
कालो छ रात त्यो आफै अरूको रङ्ग देख्छ र ?
सफा आफू भए मात्र अरूको रङ्ग देख्दछ ।

आँखामा नभए ज्योति चिन्न सक्दैन क्यै पनि
ज्योतिमै छ सबै शक्ति चिन्ने यो रङ्ग हो भनी
समानै छन् सबै रङ्ग नराम्रो किन भन्नु र !
विभेद नगरे राम्रो समाज भिन्न हुन्छ र !

समयसँग फेरिन्छ वस्तुमा रङ्गको स्थिति
प्राकृतिक कुनै रङ्ग रहन्छन् ती यथास्थिति
आधार रङ्ग मानेर निर्णयमा पुग्यौं भने
सही निर्णय त्यो हुन्न त्यस्तै त्यस्तै गर्‍यौं भने ।

रङ्गहीन हुने वस्तु सबैमा मिल्न सक्दछ
तटस्थ रहँदासम्म सबैको साथ मिल्दछ
क्षमता जसमा हुन्छ रङ्गिँदैन कसैगरी
अस्तित्व कायमै राख्छ ख्याति छर्दै वरिपरि ।

रङ्गीन सजिलो पर्छ सजिलै खोज्छ मानिस
चाहेको रङ्ग पोतेर रङ्गीन बन्छ मानिस
फाइदा लिनको लागि बदल्छ रङ्ग मानिस
के गर्दा फाइदा मिल्छ त्यही नै गर्छ मानिस ।

बाहिरी रङ्ग फेर्दैमा फेरिन्न भित्रको स्थिति
परिस्थिति हुँदा अर्को बदलिन्छ सबै गति
सधैँ स्थिर हुने वस्तु पाइँदैन कतैतिर
सधैँ स्थिर हुने वस्तु मात्र त्यो हुन्छ ईश्वर ।

***

# सुख–दुःखको भाव

दुःखदेखि डराएर भाग्न को सक्छ नै यहाँ
सहेर बाँच्न छन् बाध्य प्राणीमात्र सबै यहाँ
जन्मिँदा साथमै आयो साथमै हुन्छ यो सदा
प्राण बाँकी हुँदासम्म लुकेर बस्छ यो सदा ।

एकनास हुँदै हुन्न कम-बेसी सधैँ हुने
प्रत्येक व्यक्तिको साथ भिन्न-भिन्न सुधारिने
आज सुख दिने वस्तु भोलि त्यो दुःख भैदिने
आज दुःख दिने वस्तु भोलि त्यो सुख भैदिने ।

अभावमा हुने दुःख हुँदामा स्थिति के हुने
थोरै हुँदा हुने सुख धेरैमा कम त्यो हुने
असिमित हुँदा इच्छा पूरा हुन्न कसैगरी
अर्को-अर्को अझै अर्को थपिँदै जान्छ बेस्सरी ।

सङ्ग्रह जति भो वस्तु दुःखको सिँढी बढ्दछ
अरूको सुख देखेर दुःखको पारो चढ्दछ
जे छैन साथमा आफ्नो त्यसैको चाह बढ्दछ
नयाँ-नयाँ गरे चाह हुनेमा पनि दुःख छ ।

हुनेका दुःख बेग्लै छन् सुख छैन त्यता पनि
नहुने त सधैँ भन्छन् दुःख भो दुःख भो भनी
सबैमा व्याप्त यो दुःख मान्छेभित्र सधैँ रह्यो
सबैलाई सताएर दादागिरी त्यहाँ रह्यो ।

निमन्त्रणा गरी इच्छा मन शान्त भयो भने
दुःख आफै कमी हुन्छ इच्छा सीमित भो भने
दुःखको स्रोत हो आफै आफैले भित्र ल्याइयो
पाल्दै हुर्काउँदै आफै ठूलो वृक्ष बनाइयो ।

वृक्षको आडमा बस्तै अरूमा दोष छ्याप्दछौं
अरूको दोष क्यै हुन्न व्यर्थैमा किन छ्याप्दछौं
सुख खोज्दै हिँडेकाले सङ्ग्रहतिर लम्कियौं
सङ्ग्रह गर्न लाग्नाले दुःखको धापमा फस्यौं ।

नहुने जनको दुःख हुनेले बुझ्छ नै कहाँ ?
खाली पेट कराएको धनीले सुन्छ नै कहाँ ?
भोक र प्यासले गर्दा पराल झैं छ जीवन
सङ्घर्ष बाँच्नको लागि अझै गर्दै छ जीवन ।

निद्रा छैन धनीलाई कब्जियत सधैँभरि
अनेकौं रोगले गर्दा औषधि छन् थरी-थरी
विभिन्न कामले गर्दा सधैं नै व्यस्त जीवन
आराम गर्न मिल्दैन सधैं नै काममा मन ।

दुःख भुल्न लिने गर्छन् नशाका परिकार ती
भित्र-भित्र जलेका छन् धन-सम्पत्तिका पति
प्रकार दुःखको भिन्न हुने गर्छ सबैतिर
सबै मान्छे दुःखी नै छन् मान्छे हो दुःखको घर ।

***

# एकत्वभाव

देखेका जति आफ्नै हुन् भन्ने सोच भयो भने
आनन्द मनमा हुन्छ यस्तै सोच रह्यो भने
नदेख्दा अरूको वस्तु तुलना हुन्न क्यै पनि
देखेरै दुःख बढ्ने हो आफ्नोमा छैन त्यो भनी।

अरूजस्तै बने आफू अरूले मित्र ठान्दछ
आफ्नाको गर्छ को हानी खुशीले बाँच्न मिल्दछ
आफैबाट सधैं बग्छ सुख र दुःखको जल
त्यसैमा पौडिँदै बढ्छ रुँदै-हाँस्दै सबै पल।

बाहिरी सुख खोज्दै छ भेटिन्छ कि कतै भनी
अनेकौँ कर्म गर्दै छ अज्ञानी जन झैँ बनी
धनहीन हुँदा मान्छे धनकै चाह राख्दछ
धनमा सुख त्यो देख्छ नहुँदा दुःख जाग्दछ।

यात्रा जीवनको हाम्रो एक्लै चल्दैन यो सधैँ
दुःख र सुख साथी हुन् साथ दिन्छन् सधैँ-सधैँ
शान्ति आनन्दको खोजी अन्तिम सबको हुने
खोजीका क्रम सौन्दर्य साथी नै साथ भैदिने।

गन्तव्य सबको यौटै यात्राका मार्ग भिन्न छन्
आफ्नो सामर्थ्यको बाटो सबैले खोज गर्दछन्
ढीलो-चाँडो सबै पुग्छन् निरन्तर बढे भने
शिखर सबले चुम्छन् साहस मनमा भए।

***

# मानवीय प्रवृत्ति

हाँगा पात नियाल्दैमा सबैमा फल मिल्छ र ?
पहिचान भई वृक्ष अवश्य मिल्न सक्दछ
फलको आशले मात्र वृक्ष हेर्ने गर्‍यौँ भने
नभेट्दा फलको झुप्पा मनमा अग्नि दन्कने ।

छरेका सब उम्रिन्नन् रोपेको पनि त्यै गति
फलेका सब पाइन्नन् थालीमा कति हुन् कति
सबैको भाग मिल्नेछ प्रारब्धमा भए जति
देखेको सब पाइन्न सबैमा ज्ञान होस् यति ।

गर्ने आर्जन व्यक्तिले भोग गर्दैन ती चिज
अरूले भोग गर्ने हुन् सबै नै हुन्छ निश्चित
सञ्चय जसले गर्छ छोडेर जान्छ त्यो पनि
बँचेको कसले खान्छ निश्चित हुन्छ त्यो पनि ।

तेरो-मेरो भनेका छन् आफ्नामा झगडा गरी
आफन्तहरूको बीच तनाव छ सधैँभरि
शान्ति सौहार्दका साथ बाँच्नुपर्ने सधैँभरि
जिन्दगी कसरी चल्ला रातदिन यसैगरी ।

सम्बन्ध नहुँदा राम्रो अर्कै ठाउँ सरे पनि
आफ्नो बानी रहे उस्तै दोहोरिन्छ त्यहाँ पनि
सुधार्न अरूको बानी सकिँदैन कसैगरी
आफ्नै बानी सुधारेमा सहजै चल्छ जिन्दगी ।

बलियोसँग बाँधिन्छन् मान्छे स्वभावले सधैँ
फुकाउन हुने गाह्रो गाँठोजस्तै हुने सबै
बानी बदल्न जो सक्छ सफल उही बन्दछ
अनुकूल बनी आफू मिलेर बस्न सक्दछ ।

बुझेर नबुझेजस्तो धेरैले किन गर्दछन्
अनेकौँ प्रश्नको माझ नफँस्ने मन गर्दछन्
थाहा छैन भने पुग्छ बोल्नुपर्दैन क्यै अरू
विनाझन्झट पाइन्छ बस्न आनन्दले बरु ।

थाहा छ जसले भन्छ घेरामा पर्छ त्यो अब
अनेकौँ प्रश्न बर्सिन्छन् शङ्काले हेर्दछन् सब
अगाडि बढ्नका लागि जुझारु बन्नुपर्दछ
बाधाहरू हटाएर लक्ष्यमा पुग्नुपर्दछ ।

बाधासँग डराएर भाग्ने त्यो पछि पर्दछ
डटेर सामना गर्ने व्यक्तिले कीर्ति छर्दछ
साहसी व्यक्तिका लागि बाधा छैन कतै पनि
ऊ देख्छ लक्ष्यको बिन्दु नजिकै ठान्छ त्यो पनि ।

डराई पथ छोड्नेले शिखर चुम्न सक्छ र ?
नभेटी लक्ष्यको विन्दु आनन्द मिल्न सक्छ र ?
आनन्दप्राप्तिको खोजी सबैले गर्नुपर्दछ
प्रयत्न नगरेसम्म कसरी हात पर्दछ ?

***

# सङ्गत

सम्झँदा मनमा दुःख बिर्सिंदा सब ठिक्क छ
बिर्सन नसकेसम्म बाँच्नकै लागि दिक्क छ
घरबारी सबै आफ्नो गाउँबेसी सबैतिर
सम्झिँदा मनमा हाम्रो बसिदिन्छ सधैँ पिर ।

बोकेर मनमा बोझ आफूसँग लग्यो भने
सुख आनन्द मिल्दैन आफू उस्तै रह्यो भने
साथमा रहने वस्तु आफ्नो सम्झनुपर्दछ
छुटेका वस्तुको साथ सोचाइ फेर्नुपर्दछ ।

जहाँ जे जसरी मिल्छ त्यसैमा रम्नुपर्दछ
यही हो नै सबै ठान्दै स्वीकार्न सक्नुपर्दछ
नमिल्ने वस्तु खोजेमा पाइँदैन कतै पनि
बुझेर मात्र खोज्नाले संसारभित्र हो धनी ।

चिन्ने चिनाउने कार्य जारी नै छ सधैँभरि
सकिँदैन सबै चिन्न मान्छेले जिन्दगीभरि
चिन्न गाह्रो सबैभन्दा मान्छेकै वर्ग पर्दछ
सम्भावित सबै कार्य मान्छे नै सब गर्दछ ।

अनेकौँ भ्रम बाँडेर आफ्नो दूनु सोझ्याउने
आफ्नो जस्तै बनाएर खाल्डोतिर डोऱ्याउने
प्रवृत्ति जसको हुन्छ सङ्गत छोड्नुपर्दछ
आफन्त बीच भेटेमा सङ्गत मोड्नुपर्दछ ।

***

# समानताको भाव

नपसारी कतै हात बाँच्ने प्रयास गर्नु छ
आफ्नै साहस बोकेर पहिला अघि सर्नु छ
हात-पाउ हुँदासम्म सकिन्छ गर्न जे पनि
अरूको नभई बोझ बाँच्नमा छ खुसी पनि ।

सबै अङ्ग भए ठिक्क भए साहस पुग्दछ
सीप-जाँगरको साथ कर्ममा जुट्नुपर्दछ
अरूको नगरी हानी सत्कर्म गर्नुपर्दछ
आफ्नो धर्म नफालेर अगाडि बढ्नुपर्दछ ।

राम्रा कुरा सिके हुन्छ अरूबाट सधैँभरि
सिक्ने कोसिस आफैले गर्नुपर्छ सधैँभरि
सीप ज्ञान भए साथ अटाइन्छ जहाँ पनि
गरीब ऊ हुँदै हुन्न अवश्य बन्छ त्यो धनी ॥

शानका साथ बाँच्नेछ शिर उँचो सधैँ गरी
फूलमा माहुरीजस्तै घुम्छन् मानिस आखिरी
सुखमा सबले साथ दिए झैँ गरी घुम्दछन्
परिवार खुसी साथ आनन्दसँग बस्दछन् ।

अरूमा सुख देख्ने ती आँखालाई सधैँभरि
अरूकै पछि लागेर किन हिँड्नु यसैगरी
आफूभित्रै सबै खोजौँ पाइन सक्छ त्यो सबै
नसकी खोज्न आफैमा हुन्न अल्मल नै कतै ॥

जहाँ हेऱ्यो त्यहीँ राम्रो उस्तै-उस्तै छ यो भव
अलि माथि गई हेर्दा बुझिनेछ सबै तब
सानातिना भए खोल्सा देखिँदैन कतैतिर
अग्लो-होचो कतै हुन्न समान छ सबैतिर ।

पूर्ण ज्ञान हुने व्यक्ति भिन्न देख्दैन क्वै पनि
समान सबमा देख्छ त्यस्तै नै हुन्छ ऊ पनि
विचलित हुँदै हुन्न स्थिर हुन्छ सधैँभरि
सागर झैं सदा हुन्छ एकनास गुणीसरि ।

अरूको दुःख देख्नेले आफूमा अरू भेट्दछ
आफूजस्तै अरू ठाने समता त्यहीँ भेट्दछ
फूलमा फल देख्नेले माटोमा सुन देख्दछ
आँखाको आँसु बुझ्नेले मुटुको दुःख देख्दछ ।

नदीझैं बहँदासम्म जीवन हुन सक्दछ
सागरमा गई मिल्दा सहअस्तित्व चुम्दछ
तेरो-मेरो कतै हुन्न त्यहाँ आनन्द मिल्दछ
गर्ने-गराउने जिम्मा संसारी भाव मिट्दछ ।

जीवित रहँदासम्म इच्छा हुन्छन् थरी-थरी
अनावश्यक इच्छाले दुःख दिन्छन् घरी-घरी
आज राम्रो गरे हुन्छ तयारी हुन्छ भोलिको
भोलिको मात्र सोचेर राम्रो नछोड्नु आजको ।

आज जे रोप्दछौँ हामी भोलि फल्ने त्यही त हो
आज जे सोच्दछौँ हामी भोलि बन्ने त्यही त हो
सत्यलाई लुकाएर कहिलेसम्म बाँच्नु हो
पीडालाई दबाएर कहिलेसम्म हाँस्नु हो ।

अत्याचार कसैमाथि गर्ने गराउनेहरू
सबैका शत्रु ठानेर त्याग्नु नै ठीक हो बरु
अन्याय जसले गर्छ नपर्नु उसको भर
पापीको बनिँदा साथी सप्रेको मान्छे को छ र ?

नलिई अरूको साथ एक्लै को बाँच्न सक्दछ ?
बाध्य छन् बाँच्नका लागि जसरी पनि बाँच्नु छ
हावा जता बहेको छ ढल्कनुपर्छ नै त्यतै
नभए ढल्किने बानी विनाश हुन्छ त्यो छिटै ।

***

# प्रेम र विश्वास

कारोबार मिलेसम्म नजिकै सब भैदिन
कारोबार भए टाढा छोडेर पर गैदिने
माया-प्रेम र विश्वास खोज्न पर्ने भयो अब
साथी भाइ र आफन्त कारोबारी भए सब ।

सबै सम्बन्धका ठाउँ सम्झौता सब भो अब
सम्झौताका सबै सर्त पालना हुन्छ त्यो जब
उल्लङ्घन हुँदा सर्त सम्बन्ध टुट्न सक्दछन्
बनेको गुँड भत्केर चल्ला नै मर्न सक्दछन् ।

समाती सत्यको मार्ग सम्बन्ध बन्नुपर्दछ
माया-प्रेम र विश्वास बचाइ राख्नुपर्दछ
अरूलाई बिगारेर आफू बन्ने गऱ्यौं भने
अरूले कसरी हेर्छ धोखेबाज भयौँ भने ।

सबैको हित सोचेर काम गर्ने गऱ्यौँ भने
आफूमा सुख बर्सन्छ सबै खुशी भए भने
मिलीजुली सबै बाँचौं खुशी साथ सँगै बसौँ
सधैँभरि सँगै बस्ने बाचा यो सबले गरौँ ।

जिन्दगीका सबै काम हिसाब गर्न मिल्छ र ?
वासलात बनाएर मिलाई राख्न हुन्छ र ?
आनन्द र खुशीलाई नाप्न सकिन्छ नै कहाँ ?
पीडा-चिन्ता र वैराग्य कसले नाप्छ नै यहाँ ।

समग्र जीवनी हेर्दा प्रफुल्ल हुन्छ यो मन
सहजैसँग यो चल्छ प्रयास नगरीकन
सञ्चालन गऱ्यो कल्ले सबैले बुझ्नुपर्दछ
जसले गर्छ यो कार्य उसैमा झुक्नुपर्दछ ।

***

# सत्य यो सबले बुझौं

भत्काइ अरूको आली आफ्नो खेत भिजाउने
रुवाई घरको मान्छे अरूलाई रिझाउने
आफ्नाको मन तोडेर अरूमा मन जोडिने
घर रित्तो बनाएर पराइ किन पोषिने ।

अँध्यारो घर पारेर बाहिर किन घुम्दछौ ?
आफ्नादेखि डराएर अन्यत्र किन लुक्दछौ ?
बाछाको भाग खोसेर जँड्याहा किन पोस्दछौं ?
आमाको वस्त्र च्यातेर मुखुण्डा किन छोप्दछौ ?

जताततै भयो घाउ अनेकौं रोग हो किन ?
कताबाट शुरू गर्ने सबैमा द्विविधा किन ?
प्रकृति घाउको बेग्लै अवस्था पनि भिन्न छन्
निको पार्न छ यो कष्ट यही डाक्टर भन्दछन् ।

हाल यो कसरी आयो जन्मेको देशको किन ?
वितृष्णा कसरी जन्म्यो सबैको मनमा किन ?
कस्तो संस्कार यो आयो आमाबुवा रुवाउने
हुर्कायो जसले बोकी उसैलाई सताउने ।

आफ्नालाई सताएर अरूलाई रिझाउने
आफ्नाको भाग खोसेर अरूको थाल भर्दिने
उन्नति कसरी हुन्छ पापकर्म गरेपछि
आफ्नाको आँसुले पोल्छ बाटो छेक्छ सधैँभरि ।

यो धर्ती छोड्नको लागि हावामा उड्नुपर्दछ
तातो के बुझ्नको लागि आगोमा छुनुपर्दछ
आफन्त चिन्नको लागि पीडामा बस्नुपर्दछ
जिन्दगी चिन्नको लागि सङ्घर्ष गर्नुपर्दछ ।

बिरामी नपरेसम्म डाक्टर किन भेट्नु र !
नजाने ठाउँको बाटो व्यर्थैमा किन सोध्नु र !
चुहिने पात्र जानेर तरल वस्तु हाल्द छौँ
अमूल्य देह यो हाम्रो सित्तैमा खेर फाल्दछौँ ।

सिक्ने प्रयत्न गर्दैनौँ सुन्दैनौँ अरूका कुरा
कार्यमा हात चल्दैन गफ गर्छौं नि साँगुरा
झिँगाको साथ लागेर यात्रा गर्छौं जहाँतहाँ
गन्तव्य नबुझी हिँड्छौँ अन्त्यमा पुग्दछौँ कहाँ ?

जो सक्छ उसले गर्छ नसक्ने पछि हट्दछ
सक्नेको लागि हो विश्व उसैले भोग गर्दछ
जो देख्छ परको दृश्य ऊ मात्रै पर पुग्दछ
जो राख्छ शान्तिको चाह उसैले शान्ति भेट्दछ ।

निर्मल जलमा मात्र छायाँ देखिन्छ वस्तुको
खुलेको नभमा मात्र तारा देखिन्छ चम्किलो
निरोगी वृक्षमा मात्र रसिलो फल लाग्दछ
पवित्र मनमा मात्र कोमल भाव जाग्दछ ।

फुलेकै फूलले मात्र बास्ना सक्दछ पस्किन
मलिलो खेतमा मात्र बाली सक्दछ सप्रिन
उज्यालो रहँदासम्म छायाँको साथ मिल्दछ
मालीको साथले मात्र अनेकौँ फूल खिल्दछ ।

बाँच्नेका लागि हो विश्व नबाँच्दा भव शून्य छ
जो सक्छ विश्वमा बाँच्न उसैको दिन धन्य छ
बाँचेरै देख्न पाइन्छ सिकिन्छ जगका कुरा
त्यसैले बाँच्नका लागि उमार्नु स्वच्छ आँकुरा ।

धन, सत्ता र सामर्थ्य रहन्नन् एक ठाउँमा
यौवन, रूप, सम्मान स्थायी हुँदैन व्यक्तिमा
घमण्ड यिनमा गर्नु मूर्खता मात्र हो बुझौं
कालको वशमा छन् ती सत्य यो सबले बुझौँ ।

***

# सब नै जाग्नुपर्दछ

गल्ली-गल्ली हिँडेका छन् भाले कुकुरका हुल
हल्ली-खल्ली गरेका छन् सुकेका हाड खातिर
अनेकौँ रङ्गका भाले आफ्नो झुन्ड बनाउँदै
मीठो खान कता मिल्छ उतै जान्छन् रमाउँदै ।

वास्ना सुँघेर हिँड्दै छन् कता पाइन्छ स्वादिलो
पानीले मुख भर्दै छन् ताप्दै छन् घाम पारिलो
भोजभतेरको लागि बुझ्दै छन् चतुरो बनी
शुभ-अशुभ जे हुन्छ पर्वाह हुन्न क्यै पनि ।

स्वादिष्ट खान पाएमा झुक्दछन् उनको बनी
अरूको छैन पर्वाह, छैन जिम्मा कुनै पनि
चिन्ता भविष्यको छैन वर्तमान भए पुग्यो
धर्म-संस्कार क्यै छैन हल्लाको पछि दौडियो ।

स्वतन्त्रता मिलेको छ जेजे कार्य गरे पनि
छहारीको कमी छैन हावाहुरी चले पनि
मिहिनेतविना मिल्छ चाहेजति कुरा सबै
तर ईश्वरको प्रेम हुन्न पूरा त्यहाँ कवै ।

यता काम गरी खाने व्यक्ति भोग्छन् पीडा सधैँ
स्वतन्त्रता कति मिल्छ दिन बित्छन् कति रुँदै
विधिविधान संस्कार पालना गर्नुपर्दछ
भूतप्रेत सबैलाई अक्षता छर्नुपर्दछ ।

सुखशान्ति कतै छैन सबैको तारो बन्नु छ
चाहना सब त्यागेर अरूकै निम्ति बाँच्नु छ
व्यवसाय सबै छोडी गल्लीमा घुमु झैँ हुने
के हो स्वतन्त्रता त्यस्तो जहाँ आनन्द नै हुने ।

जसले जसरी चाह्यो त्यस्तै नै हुन्छ जीवन
पर्वाह नगरी हिँडदा छाडे स्वच्छन्द बन्छ जीवन
एक्लो सम्झे सबै एक्लो एक्लो भै चल्छ जीवन
एक्लो छैन भनी सम्झे आनन्द हुन्छ जीवन ।

हाँसेर बाँच्न चाहेमा खुसीमै दिन बित्दछन्
सक्दैन हाँस्न जो व्यक्ति रुनमा उनी बाध्य छन्
सन्तुष्टि कसरी मिल्छ त्यसैमा लाग्नुपर्दछ
सबैको सुखको लागि सर्वदा जाग्नुपर्दछ ।

***

# लाज र त्रास

रोपाइँ हेर्न जानेले हिलो लाग्यो भनीकन
गुनासो गर्न मिल्ला र ? जानुपर्छ बुझीकन
नबुझ्नु दोष आफ्नै हो माफी मिल्दैन क्यै परी
चाहना नभए बुझ्ने बुझिँदैन कसैगरी ।

अरूको दोष खोज्नेले आफ्नो दोष लुकाउँछ
अरूमा गुण देख्नेले सबैलाई सजाउँछ
आफ्ना नै नभए साथ बाँच्नुको अर्थ के छ र ?
आफ्नाबाट भए टाढा अरूको हुन्छ के भर ?

अरूको आशमा बाँच्दा आँसुमै डुब्नुपर्दछ
ढुकेर बस्न गाह्रो छ कष्टमै बाँच्नुपर्दछ
सुखमा रहँदासम्म राम्रो लाग्छ सबै कुरा
लुकेर खाइँदासम्म मीठो लाग्छ सबै कुरा ।

कपडा जसमा हुन्छ उसैमा लाज बस्दछ
कपडा जसमा छैन ऊ सधैँ मस्त-मस्त छ
वस्त्रमा बेरिने मान्छे सधैँ नै लाज बोक्दछ
डर-त्रास उसैमा छ बेरिँदै लाज छोप्दछ ।

ढाक्दाढाक्दै त नाङ्गिन्छ लाजले वास छोड्दछ
प्रकृतिसँग गै मिल्छ सम्बन्ध सब तोड्दछ
करोडौँ जीवको बीच मान्छे यस्तो भयो किन ?
वस्त्रमा बेरिने बानी विकास यो भयो किन ?

बुद्धि र ज्ञानले गर्दा सुख खोज्न भनी सऱ्यो
अनेकौँ सुखका निम्ति आविष्कार यहाँ गऱ्यो
भौतिक सुखका निम्ति अनेकौँ सृष्टि साधन
धर्मकर्म सबै बिर्सी यसैमा मस्त छन् जन ।

छोपेको ठाउँमा के छ हेर्ने उत्सुक हुन्छ नै
थोरै भाग खुला देख्दा हल्चल मन हुन्छ नै
पछिल्ला दिनमा आई शरीर नाङ्गिँदै गयो
आकार वस्त्रको घट्ने दर वृद्धि हुँदै गयो ।

आस वा त्रासले गर्दा बाँचेको हुन्छ मानिस
कतै समाजको त्रास सोचेर बस्छ मानिस
अरूको डरले गर्दा बाध्य भै गर्नुपर्दछ
चाहना उसको हुन्न तैपनि गर्नुपर्दछ ।

अनेकौँ त्रासका माझ आँसुको दीप बाल्नु छ
त्रासको बीचमा हाँस्दै सबैको सामु बाँच्नु छ
त्रासमा रहँदासम्म खुम्चेर बाँच्नुपर्दछ
विकास व्यक्तिको हुन्न कल्पेर बाँच्नुपर्दछ ।

आसमा जो सधैँ बाँच्छ बाँचे झैं मात्र गर्दछ
अनेकौँ दुःखका माझ सहेर बाँच्न बाध्य छ ।
जो गर्छ अरूको आस सधैँ ऊ पछि पर्दछ
नगर्ने अरूको आस उन्नतितिर सर्दछ ।

***

# भ्रमित जीवन

विकल्पहरू छन् धेर चिनेर छान्न सक्नु छ
चौबाटाहरू छन् धेर सङ्केत जान्नुपर्दछ
मान्छेका भीडमा एक्लै रहेको हुन्छ मानिस
सोच विचारले बेग्लै भएको हुन्छ मानिस ।

आफन्तहरूकै माझ एक्लिँदै जान्छ मानिस
मेरा हुन् सब यी ठान्दै भ्रममा बाँच्छ मानिस
प्रारब्ध सबको आफ्नै जन्मँदा साथ प्राप्त छ
बाध्य छन् सब त्यो भोग्न सबैमा यो अकाट्य छ ।

नबुझ्नेहरूका लागि आफ्नो अर्को सदा हुने
सत्यता जब जानिन्छ सबै समान झैँ हुने
यो सत्य बुझ्नको लागि प्रयास गर्नुपर्छ नै
दैव कृपा भए मात्र यथार्थ प्राप्त हुन्छ नै ।

नजान्ने नरका निम्ति थोरै जान्ने महान् भयो
औँसीको रातमा मिल्ने जुन्किरी दीप झैं भयो
यात्रामा भेटिने साथी हिँड्दाहिँड्दै हराउँछ
छोटो समयमा उल्ले लामो याद गराउँछ ।

***

# कमजोरी

आफूजस्तै अरू ठान्ने असल मान्छेको गुण
त्यही नै भूल झैँ लाग्छ तर त्यो छैन हे जन !
मान्छे चिन्न बढो गाह्रो असल को खराब को ?
व्यवहार भएमा नै आधार बन्छ चिन्न त्यो ।

सबैको लक्ष्य हो यौटै कसरी सुख पाउने
क्षणिक सुख पाएर दुःख बिर्सी रमाउने
दुखैको बीचमा सुख झुल्किने गर्छ क्यै क्षण
बिलाएर उसै जान्छ सागर बीचमा कण ।

अरूमा सुख देखेर पाउन गर्छ कोसिस
सुखी छैन कतै मान्छे व्यर्थमा गर्छ कोसिस
आफूमा नघटेसम्म चुरो बुझ्दैन मानिस
देखेर अरूको चाल ज्ञान सिक्दैन मानिस ।

विश्वास अरूमा छैन घमण्ड छ जतातत‌ै
राम्रा कुरा सिकौँ भन्ने चाहना छैन त्यो कतै
सम्मान अरूको गर्ने बानी छैन कतै पनि
असभ्य किन भो मान्छे बाँच्दै छ जङ्गली बनी ।

अरूलाई दबाएर आफू ठूलो भइन्छ र ?
आफैबाट लुकाएर दोषमुक्त भइन्छ र ?
आफ्नो बारे सबै जान्ने आफू नै एकमात्र हो
आफू जस्तो कुनै छैनन् खोज्नु त्यो मूर्खमात्र हो ।

***

# देखावटी

आश बोकेर बाँच्दै छन् मानिस सब नै यहाँ
पीडा सहेर हाँस्दै छन् मानिस सब नै यहाँ
शत्रुका बिचमा बस्छन् आफन्त सब हुन् भनी
विश्वास यिनमा गर्छन् धोका हुन्छ जहाँ पनि ।

सकेसम्म उनैलाई पोषण पनि गर्दछन्
आपत्ति उनमा पर्दा बचाउ पनि गर्दछन्
भकारी उनको भर्छन् आफ्नो खाली भए पनि
आफू माथि परे दुःख सन्तान सब हो भनी ।

आपत्ति आफूमा पर्दा को कल्ले कति हेर्दछन्
हट्नेछ मोहको पर्दा आफन्त कति बस्दछन्
बलेकै अग्नि ताप्ने हुन् निभेको हेर्छ को कहाँ ?
फक्रेकै फूल टिप्ने हुन् सुकेको टिप्छ को यहाँ ?

हुँदासम्म सबै हुन्छन् नहुँदा हुन्न क्वै पनि
आसमा सास अड्किन्छ सक्दैन फिक्न क्वै पनि
पखेटाभित्र राखेर आफ्नालाई बढाउँछन्
जाडो-गर्मी बचाएर सुखमा राख्न पुग्दछन् ।

अन्त्यमा ती सबै आफ्ना आफ्नो बाटो समाउँछन्
बितेका दिन बिर्सेर क्षणिक सुख रोज्दछन्
मान्छेको वर्ग स्वार्थी छ भन्ने सत्य देखाउँछन्
देखावटी गरी कार्य इतिहास मेटाउँछन् ।

***

# बिझ्ने बोली नबोलौँ

काममा व्यस्त जो हुन्छ सोच्दैन अरू क्यै पनि
आफ्नो काम सधैँ गर्छ सक्ने हो कसरी भनी
फुर्सद जसको हुन्छ कुरा गर्छ सधैँ बसी
अरूको खोट खोजेर कुर्ली बस्छ घुँडा धसी ।

कामको चाहना गर्ने कामको खोज गर्दछ
गर्न सक्ने मिले काम गर्न ऊ अघि सर्दछ
सीप ज्ञान भए साथ सजिलै काम मिल्दछ
राम्ररी गरिँदा काम सुख सम्पत्ति मिल्दछ ।

सत्कार्य जसले गर्छ ऊ सधैं सुख पाउँछ
सबैको हित सोच्नेले अरूको साथ पाउँछ
अरूको साथ चाहिन्छ अगाडि बढ्न खातिर
नमिले अरूको साथ रोकिन्छ पद आखिर ।

एउटा हातले ताली कसरी बज्न सक्छ र ?
नभए अरूको साथ कसरी अड्न सक्छ र ?
अरूको दुःखमा रम्ने प्रवृत्ति त्याग्नुपर्दछ
सहयोग सबैलाई सकेको गर्नुपर्दछ ।

सुन्ने सुनाउने कार्य दुवैमा हुनुपर्दछ
नसुन्दा अन्यको वाणी भन्नेको मन दुख्दछ
दुःखमा साथ जो दिन्छ उसलाई नबिर्सनू
कसैको मनमा बिझ्ने वाणी बोल्न नतम्सिनू ।

***

# गन्तव्य

जहाँसम्म पुग्यो दृष्टि आफ्नो हो त्यत्ति सम्झनू
जतिमात्र भयो खर्च त्यति नै धन सम्झनू
मुठ्ठीभन्दा भए टाढा खाँचोमा हुन्न सम्झनू
बचेको धन अर्कैको हुनेछ यत्ति सम्झनू ।

शरीर रहँदा चुस्त गर्ने काम सबै गरौँ
परहित हुने कार्य गर्नलाई सधैँ सरौँ
पुण्यकर्म गरे मात्र मनमा शान्ति मिल्दछ
शान्ति प्राप्त भए मात्र आनन्द पूर्ण मिल्दछ ।

असक्तहरूको सेवा सधैँ नै गर्नुपर्दछ
सेवामा गरिँदा खर्च सम्पत्ति अझ बढ्दछ
धन आर्जन गर्नेले सेवाभाव लियौँ भने
कल्याण सबको हुन्छ पवित्र मन भो भने ।

आफ्नै हो जग यो भन्छौँ नलुटौँ यसरी सधैँ
हाँसौँ बाँचौँ रमाएर प्रसन्न भै सधैँ-सधैँ
सुख-आनन्दको खोजी सबैले गर्दछन् यहाँ
थाहा छैन कसैलाई बसेको छ लुकी कहाँ ?

दौडेका छन् सबै मान्छे पुग्ने गन्तव्य हो कहाँ ?
के-के पाइन्छ भन्नै गर्छन् पाइने छैन क्यै त्यहाँ
भेटेभन्नै कहिले गर्छन् क्षणिक दङ्ग पर्दछन्
होस फिर्दा सबै वस्तु अरूका तिर सर्दछन् ।

अनेकौं दुःख भोलेर जीवन अघि बढ्दछ
आफूभित्र नभाँकेर अरूमा सब खोज्दछ
दुःखलाई दबाएर हाँसेर बाँच्न खोज्दछ
सम्भव कसरी हुन्छ त्यही नै मार्ग रोज्दछ ।

***

# लक्ष्यको खोजी

आफूजस्तै अरू खोज्दा पाइँदैन कतै पनि
खोज्ने प्रयास गर्दै छन् मानिसले अझै पनि
पाएको वस्तु त्यागेर नयाँको खोजमा गए
दुःख नै दुःख भेटिन्छ यस्तै चाह सधैँ भए ।

आफ्नो घर बिगार्नेले अरूको गर्छ के बुझौँ
त्यस्ताको साथ त्याग्नाले भलो नै हुन्छ त्यो बुझौँ
अरूको कुभलो सोच्दा आफ्नो हानी सधैँ हुने
भलाइ सबको सोच्दा आफ्नो राम्रो सधैँ हुने ।

गल्ती छैन भने आफ्नो डराउनुपर्‍यो किन ?
अनुहार भए राम्रो सजाउनुपर्‍यो किन ?
इच्छाशक्ति भए यस्तो नबन्ने काम के छ र ?
सबै मिली गरे काम नहुने काम के छ र ?

लक्ष्यमा पुग्नको लागि अगाडि हेर्नुपर्दछ
राम्ररी हिँड्नको लागि नजिकै हेर्नुपर्दछ
उत्पत्ति केन्द्रको तर्फ आकर्षित सबै हुने
आखिरिमा सबैको नै विलय त्यही नै हुने ।

***

# मानवी सोच

जानेझैं सबले गर्छन् आफै सर्वज्ञ ठान्दछन्
के जान्यौ तत्त्व सोधेमा न्युरेर लाज मान्दछन्
जानेको ज्ञानले मात्र सही मार्ग देखाउँछ
नभए हातमा सीप ज्ञान आफै बिलाउँछ ।

ज्ञान-सीप दुवैलाई साथमै राख्नुपर्दछ
दुवैको साथले मात्र सत्कर्म अघि बढ्दछन्
ज्ञान आर्जन गर्दैमा सफल भन्न मिल्छ र ?
प्रयोग नभए ज्ञान प्रगति हुन सक्छ र ?

विज्ञानसँगको यात्रा सबैले गर्न बाध्य छ
वशमा सब छौं हामी विज्ञान यत्रतत्र छ
अनेकौं प्रविधि माझ मान्छे गर्दै छ नाटक
नहुँदा प्रविधि साथ हुँदैन बाँच्न लायक ।

आविष्कार भएका छन् अनेकौं यन्त्र औषधी
यन्त्रलाई चलाएर मान्छे बन्दै छ पौरखी
चल्दैन हात मान्छेको यन्त्र नै हात भैसके
मान्छेजस्तै भयो यन्त्र मान्छेको साख गैसके ।

यन्त्रदास भयो मान्छे मनमुटु गली सके
मानवता कता भागे दया-प्रेम जली सके
आनन्द प्राप्तिका लागि नशा रोज्दै छ मानव
नशा लिएर बन्दै छ बेहोसी अनि दानव ।

***

# जिभ्रोलाई बचाऔँ

एउटै वस्तुको स्वाद समान हुन्छ नै कहाँ ?
जिभ्रो बेग्लै भएसम्म स्वाद भिन्नै हुने त्यहाँ
मीठो लाग्छ कसैलाई कसैले मुख थुन्दछ
त्यही वस्तु कसैलाई अनौठो लाग्न सक्दछ ।

जिभ्राको वशमा बाँच्ने स्वादकै पछि लाग्दछ
धेरै प्रकारको वस्तु स्वादकै लागि चाख्दछ
असन्तुष्ट हुने जिभ्रो शत्रुझैँ ठान्नुपर्दछ
त्यसरी कुन वेला र कसरी दुःख पर्दछ ।

सक्दैन जसले रोक्न जिभ्रोको चञ्चले पन
शरीर सब बिग्रन्छ दुःखमा फँस्छ त्यो जन
बुझेर सबले चाँडै आफ्नो देह बचाउन
नियन्त्रण गरौँ चाँडै जिभ्रोको चञ्चले पन ।

जिभ्रोमा नै अडेको छ सुसम्बन्ध सबैतिर
सम्मानित हुने गर्छन् वाणी मोहक सुन्दर
जिभ्रोकै भूमिका हुन्छ संवाद गर्न खातिर
संवाद नहुँदा राम्रो घृणा हुन्छ सबैतिर ।

बोलीको भरमा चल्छ कारोवार सबै यहाँ
बोली बिग्रने हुँदै गर्दा साथमा हुन्न क्वै त्यहाँ
सफल हुनका लागि बोलीको भूमिका हुने
असल नभए जिभ्रो जिन्दगी व्यर्थ भैदिने ।

सम्हालौँ सबले जिभ्रो रोकौँ बोल्न र खानमा
खान बोल्न हुँदा छाडा अप्ठेरो पर्छ ज्यानमा
आफै हो देहको स्वामी जगेर्ना गर्नुपर्दछ
जिभ्रोको भूलले गर्दा सजाय भोग्नुपर्दछ ।

***

# कर्तव्य

मान्छेहरू भए मात्र घर त्यो घर बन्दछ
हाँगामा फूल फुलेरै वृक्षमा फल लाग्दछ
नदीमा रहँदा पानी किनारा दुई बन्दछ
जब पानी हुँदै हुन्न किनारा शून्य बन्दछ ।

पढेर नबुझेसम्म पढ्नुको अर्थ के छ र ?
प्रयोग नगरेसम्म बुझ्नुको के भयो भर
अनेकौं अस्त्र राख्दैमा युद्धमा जित हुन्छ र ?
साथमा शास्त्र राख्दैमा विद्वान् मानिस बन्छ र ?

नदीको पींधको ढुङ्गो भित्र सुख्खा सधैंभरि
साथमै रहनेबाटै पीडा मिल्छ घरी-घरी
सिक्ने प्रयत्न जो गर्छ उसैले मात्र सिक्दछ
ज्ञानदीप बलेमात्र स्वतः अज्ञान हट्दछ ।

अचानोको पीडा बुझ्न अचानै बन्नुपर्दछ
अरूसँग सधैं बस्न अरू झैं बन्नुपर्दछ
चुहिने पात्रमा पानी कसरी अड्न सक्दछ
पात्रको दोष क्यै हुन्न हाल्नेको दोष बन्दछ ।

अधिकार सबै खोज्ने कर्तव्य नगरीकन
पापको डर नै छैन जे पायो गर्दिने किन ?
गुण-दोष नहेरेरै निर्णय लिन तत्पर
लाज-घीन कतै छैन नाङ्गिन पनि तत्पर ।

***

# सञ्चेतना

अरूको मनमा चोट नलाग्ने बोली बोल्नु छ
सबैलाई मिठो लाग्ने रसिलो फल खोज्नु छ
बाणसरि तिखो वाणी नबोल्नु वेश हुन्छ नै
वाणीको बाणले चोट दिएको अति दुख्छ नै ।

अरूबाट चले बाण दुखाइ कम झैँ हुने
आफन्तहरूले हान्दा अत्यन्त कष्ट भैदिने
आफन्तहरूको माझ सोचेर बोल्नुपर्दछ
कुनै शब्द भए बाण सम्बन्ध टुट्न सक्दछ ।

शब्द अमृतझैँ बन्छ मिठास त्यसमा रहे
आनन्द सबले लिन्छन् स्वादिलो फलझैँ भए
नराखी मनमा क्लेश खुलेर बोल्नुपर्दछ
सबैलाई हँसाएर खुसी भै बाँच्नुपर्दछ ।

होच्च्याएर कसैलाई नबोल्नु हुन्छ उत्तम
सकेसम्म सबैलाई आदर गर्नु उत्तम
आदर अरूको गर्दा आफ्नै इज्जत बढ्दछ
सबै माझ भए जाती स्वयंको शान बढ्दछ ।

शब्दलाई मिलाएर सबैले बोल्नुपर्दछ
कोसँग कसरी बोल्ने शुरूमा सोच्नुपर्दछ
बोलीका भरमा चल्छन् कारोवार यहाँ कति
विश्वास शब्दमा गर्छन् सच्चा मान्छे सबैप्रति ।

बोली पूरा नगर्नेको विश्वास गर्नुहुन्न है !
यस्तासँग कुनै काम मिलेर गर्नुहुन्न है !
पक्का बोली हुने मान्छे सबैको हित गर्दछ
मीठो शब्द मिलाएर सुगन्ध छर्न सक्दछ ।

शब्द-शब्द मिलाएर अनेकौँ काव्य बन्दछन्
काव्य-सागरमा पौडी आनन्दसँग बस्दछन्
सुमधुर सुनी गीत देहमा रङ्ग भर्दछन्
शब्दको स्वादले प्राणी आफैमा दङ्ग पर्दछन् ।

***

# बाध्यता

वस्तुमा स्वाद भेटिन्न भेटिन्छ भोकमा किन ?
आफैमा आफू भेटिन्न भेटिन्छ अरूमा किन ?
अरूकै लागि बाँचेर जिन्दगी सक्दछौ किन ?
सकिँदैन खुसी पार्न प्रयास गर्दछौ किन ?

नदीमा पौडिने प्राणी कुवाभित्र खस्यो भने
बाहिर निक्लनै खोज्छ पानी टम्म भयो भने
अगाडि बढ्न को सक्छ पाइला अड्कियो भने
पेटमा कसरी पुग्छ घाँटीमा अड्कियो भने ।

आफूजस्तै सबै ठान्ने सोच राम्रो अवश्य हो
अरूले कसरी बुझ्छन् सोच्नुपर्ने कुरा छ यो
परिस्थिति सधैँ यौटै पाइँदैन कतै पनि
अनुकूल हुनैपर्छ आफू सहज नै बनी ।

गरेको काम के हुन्छ थाहा हुन्न अघि कुनै
अवश्य काम बिग्रिन्न भनेर सोच्नुपर्छ नै
छरेको बीज उम्रिन्न पर्खेर बस्छ त्यो दिन
अनुकूल हुँदा मात्र प्रकट हुन्छ तत्क्षण ।

अनेकौँ सृजना गर्छन् सीपसाथ हुनेहरू
नहुने साथमा सीप सधैँ पछि परे अरू
आफूमा क्षमता छैन केही गर्न भने सधैँ
अरूको भरमा बाँच्न बाध्य हुन्छ यहाँ सधैँ ।

***

# क्षमता

वीरको शिर झुक्दैन जस्तै पीर परे पनि
धीरको वेग रुक्दैन जस्तै दुःख परे पनि
दानीको दानमा जान्छ कमाएको सबै धन
ज्ञानीको ज्ञानमा खुल्छ दुःखका सब बन्धन ।

लोभीको लोभमै बित्छ सुनौला सब ती दिन
प्रयोग नगरी राख्छ कमाएको सबै धन
घमण्डी शक्तिको साथ के हुन्छ बुझ्नुपर्दछ
आफैलाई उँचो राखी दिने भाषण गर्दछ ।

असन्तोषी हुने व्यक्ति इच्छाकै पछि लाग्दछ
उन्नति अरूको देख्दा ईर्ष्याको अग्नि बाल्दछ
क्रोधीको मनमा क्रोध सधैँ नै बास गर्दछ
छिटै आवेशमा आई आक्रान्त जग पार्दछ ।

वस्तुको स्वाद जान्नेले जिभ्रोमा स्वाद भर्दछ
नजान्नेहरूका लागि खाएरै जान्नुपर्दछ
स्वाद बुझ्ने सबैले नै चाहना बढी राख्दछन्
प्राप्त गर्न नपाएमा कुकर्मतिर लाग्दछन् ।

बुझ्नेबाटै हुने गर्छन् नीच कर्म सबै यहाँ
पस्ने र निस्कने कार्य बुझ्नेले पस्दछन् त्यहाँ
जो सक्छ उसले गर्छ नसक्ने तल पर्दछ बस्दछ
सक्नेका निम्ति हो विश्व उसैमा सब जँच्दछ ।

***

# बलेको आगो ताप्ने

आफन्त नभए साथ बाँच्नुको अर्थ के छ र ?
घरमा नभए मान्छे कसरी हुन्छ त्यो घर ?
हातमा नभए सीप मिल्दैन काम क्यै पनि
साथमा नभए दाम पछि लाग्दैन क्वै पनि ।

मान्छेमा नभए आँट लाछी भै बाँच्नुपर्दछ
अरूकै साथ लागेर जिन्दगी काट्नुपर्दछ
बाँचेका वृक्षमा मात्र हाँगा पात फलाउँछन्
नभए वृक्षमा प्राण पात फूल हराउँछन् ।

जरामा रहँदा शक्ति धरामा वृक्ष अड्दछ
जरामा नरहे शक्ति सुकेर वृक्ष ढल्दछ
जरामा शक्ति भर्नाले बलियो वृक्ष बन्दछ
बलिया वृक्षमा आफै रसिलो फल लाग्दछ ।

आकार वृक्षको बढ्दा अनेकौं बोझ आउँछन्
सहने शक्ति राखेमा धेरैको साथ पाउँछन्
धेरैको साथले मात्र आफूमा शक्ति बढ्दछ
जराकै साथले मात्र विशाल वृक्ष अड्दछ ।

वरिपरि सबै हुन्छन् आफूमा शक्ति भैदिँदा
नभए साथमा शक्ति ती सबै पुग्दछन् कता
सबै हुन् स्वार्थका नाता बलेकै अग्नि ताप्दछन्
सबैले बुझ्नु यो पर्छ दुःखमा सब भाग्दछन् ।

***

# जस्तो भित्र त्यस्तै बाहिर

कलिला हातले छाम्दा खस्रो लाग्छ सबैतिर
खस्रा वस्तु सबै हुन्नन् हातकै दोष आखिर
आँखाले देखिने वस्तु पाइँदैन सबै छुन
छोएका जति छन् वस्तु पाइँदैन सबै लिन ।

चाहेका ती सबै वस्तु पाइँदैन समाउन
जेजति हातमा पर्छ स्वीकार्नुपर्छ तत्क्षण
पाएका जति छन् वस्तु राम्रा छन् तत्त्व सम्भनू
त्यसैलाई सजाएर आनन्द लिन तम्सनू ।

अरूका वस्तुमा आँखा लगाई बस्नु नै किन ?
अरूका वस्तु नै राम्रा भनेर सोच्नु नै किन ?
राम्रा जति सबै हाम्रा हुनुपर्दछ नै किन ?
सबैका साथमा राम्रा भएमा जल्नु नै किन ?

दृष्टि राम्रो भएकाले राम्रो नै देख्न सक्दछन्
दृष्टि भिन्न भएकाले अर्कै नै देख्न सक्दछन्
जहाँ जे छ सबैले नै देखेका हुन सक्दछन्
सबैको दृष्टि आफ्नै छ आ-आफ्नो रूप देख्दछन् ।

गुण-दोष नजानेरै नजिक भइयो भने
धोखा पाउन सक्नेछौँ यस्तै-यस्तै गर्‍यौँ भने
भित्र जे छन् तिनै भाका बाहिर निस्कने हुँदा
बाहिरी गुण जानेर भित्रको चिन्नु हो सदा ।

***

# उज्यालोपन

प्रकाश नदिने बत्ती सजाइराख्नु नै किन ?
नसक्ने काममा हात हालेर बस्नु नै किन ?
आफूले जे कुरा बोल्छौँ पूरा त्यो गर्नुपर्छ नै !
सकिँदैन भने गर्न कदापि बोल्नुहुन्न है !

नसोची गरिने काम दुःखान्त हुन सक्छ
नबुझी बोलिँदा आफै लज्जित हुन सक्दछ
गधालाई नुहाएर गाई बन्दैन क्यै गरी
दुष्टलाई फकाएर आफ्नो बन्दैन क्यै गरी ।

रसहीन भए फूल माहुरी मार्ग फेर्दछन्
रसपूर्ण हुँदासम्म सबैले फूल घेर्दछन्
आफूमा रहँदा शक्ति पूजा गर्छन् सबै मिली
तारको विजुलीबाटै सबै बन्छ झिलिमिली ।

उस्तै छन् फूलका पात फूल फुल्छन् थरीथरी
मीठो-मीठो मिले खान पशु घुम्छन् सधैँभरि
खाँचोमा मात्र जो खोज्छ स्वार्थी हो त्यो सधैँ बुझौँ
यस्तासँग सँगै बस्दा खतरा हुन्छ त्यो बुझौँ ।

कालको गतिले गर्दा फेरिन्छ सबको स्थिति
बाल, युवा र वृद्धाको हेरेमा मिल्छ यो स्थिति
एकनास हुँदै हुन्न दिनमा सूर्यको स्थिति
प्रातः दिवा र सन्ध्यामा देखिन्छ भित्रको गति ।

***

# घमण्डको फल

घमण्ड जसमा हुन्छ सम्बन्ध नष्ट हुन्छ नै
आफन्तहरूको माझ एक्लो बन्छ यहाँ सधैँ
विश्वास रहँदासम्म सम्बन्ध टिक्न सक्दछ
विश्वासको भए अन्त्य सम्बन्ध स्वतः ढल्दछ ।

घमण्डी अभिमानी त्यो प्राणी जो छ सधैँभरि
अरूलाई दबाएर खुसी हुन्छ सधैँभरि
दया-माया हुँदै हुन्न कठोर मन भैदिँदा
करुणा मनमा हुन्न घमण्डीपन भैदिँदा ।

धागो झैँ हुन्छ विश्वास सम्बन्ध जोड्न खातिर
विश्वास नभएसम्म बन्दैन घर मन्दिर
परिवार चलेको छ अडेको छ सबै घर
एकै ठाउँ, जुटेका छन् परी विश्वासकै भर ।

संसार यो चलेको छ विश्वास अनि प्रेमले
अन्धकार हटेको छ विश्वासी पन घामले
सृष्टि आज चलेको छ आपसी प्रेमले यहाँ
प्रेम आफै अडेको छ विश्वासी पात्र छन् जहाँ ।

अविश्वास जहाँ हुन्छ चल्दैन जगको गति
भताभुङ्ग सदा हुन्छ सृष्टिचक्र अनि स्थिति
घमण्डी पनले गर्दा नाश हुन्छ सबैतिर
रहँदैन कुनै नाता विनाश हुन्छ आखिर ।

***

# निराशा

गुतेको पगरी खस्दा अचम्म किन मान्नु र ?
अर्काको चीज राखेर आफ्नो झैं किन ठान्नु र !
हिजो यो कसको भन्थे आज भो कसको यहाँ ?
भोलि यो कसको हुन्छ बस्दछ कसरी कहाँ ?

जहाँ जेजसरी मिल्छ जोजल्ले जे गरे पनि
अन्त्यमा सब छुट्नेछन् जम्मा जे-जे गरे पनि
देखेजति सबै मेरा सम्झिँदा पनि हुन्छ नै !
नसम्झ कसले भन्छ कसले मन बुझ्छ नै !

सोच सानो बनाएर मान्छे सानो हुँदै गयो
इच्छा धेरै बढाएर मान्छे दुःखी हुँदै गयो
सकिने चाहना राख्नु नसक्ने किन सोच्नु र !
कतै नभेटिने वस्तु व्यर्थैमा किन खोज्नु र !

पद-सम्मान-प्रतिष्ठा पाइँदैन सधैँभरि
सबैले पाउनै पर्छ भन्ने छैन यसैगरी
सामर्थ्य जसमा हुन्छ उसैमा मिल्छ यो सब
उसले पनि छोड्नेछ सकिन्छ याम यो जब ।

यस्तै रीत चलेकै छ वर्षौंवर्ष सधैँ यहाँ
रहँदा सब हुन् आफ्नै भन्ने भ्रम छ नै यहाँ
कसैको पनि क्यै छैन आफ्नो भन्ने सधैँभरि
खाली हात सबै जाने छोडेर ती सबै थरी ।

***

# सूक्ष्मताको महत्त्व

साना वस्तु सबै हेर्दा सुन्दर लाग्ने गर्दछन्
साना हुन् सृष्टिका सार यसैमा भर पर्दछन्
साना-साना अझै साना कण हुन् विश्वका बीज
यिनै कण भई जम्मा मिलेर बन्छ यो जग ।

जोडिँदै जब यो जान्छ विशाल ग्रुप बन्दछ
तोडिँदै जब यो जान्छ परमाणु यो बन्दछ
परमाणु हुँदासम्म अस्तित्व साथ राख्दछ
दैवीशक्ति भएकाले रहेको हुन सक्दछ ।

सानो सुन्दर त्यो हुन्छ अटाउँछ जताततै
सबैको मन त्यो जित्छ खुसी दिन्छ जताततै
सानो बालक त्यो हेरौँ आनन्द कति मिल्दछ
वागमा बिरुवा हेरौं कसरी मन जित्दछ ।

सानो पीपलको बोट गमला बिच अट्दछ
सानो पत्थरको टुक्रा शिरमा पनि अड्दछ
ठूलोमात्र भए ढुङ्गा पर्खाल बन्छ नै कहाँ ?
साना-ठूला मिलाएरै निर्माण हुन्छ नै यहाँ ।

साना किला र काँटाले साथ छोडिदिए भने
जहाज चल्न सक्दैनन् कीला ती हल्लिए भने
सानाकै साथले मात्र ठूलाको शान अड्दछ
गरे सम्मान सानाको संसार सभ्य बन्दछ ।

***

# शत्रुता र मित्रता

शत्रु-मित्र दुवै हुन्छन् समयले चिनाउँछ
आफ्ना भित्रै सबै हुन्छन् पालैपालो देखाउँछ
गुलाबको सँगै हुन्छ काँडा र फूल बोटमा
कमल फूलको बास हिलोको हुन्छ साथमा ।

जो हुन्छ साथमा आफ्नो ऊबाटै दुःख मिल्दछ
दाँत दुख्दा बुझ्केकै छ कसरी दुःख मिल्दछ
आफ्नो शरीरको पीडा आफैले खप्नुपर्दछ
पीडालाई दबाएर सहेरै बस्नुपर्दछ ।

परिवार सँगै बस्दा आफूखुसी हुँदैन क्यै
सबैको हितको लागि सम्झौता गर्नुपर्छ है !
सबैको भावना यौटै हुँदैन कहिल्यै पनि
सानातिना कुरा बिर्सौं सामान्य घटना भनी ।

आफ्नो नजिकमा जो छ उसैको याद आउँछ
भरोसा उसकै लाग्छ देख्दा मन रमाउँछ
सम्बन्ध छ बडो राम्रो यत्नका साथ राख्नु छ
नबिगारी सधैं राख्ने प्रयत्न गर्न सक्नु छ ।

कुनै कारणले गर्दा सम्बन्ध बिग्रियो भने
अत्यन्त खतरा हुन्छ दुश्मन ऊ भयो भने
आफ्नो बारे सबै जान्ने मान्छे दुश्मन भैदिँदा
खतरा सौ गुना बढ्छ यस्ता सँगसँगै हुँदा ।

***

# विकारको निवृत्ति

पत्रपत्र जमेका छन् विकारहरू देहमा
टाँसिने क्रम चल्दै छन् सहजैसँग देहमा
विकारहरूले गर्दा गल्दै छ यो दिनैदिन
ठीक बेठीकको ज्ञान बिर्से झैँ गर्छ छिन्छिन ।

अगाडि बढ्नको लागि पाप्राहरू निकाल्नु छ
टाँसिएका सबै पाप्रा कोट्याएर खसाल्नु छ
एकैचोटी सबै पाप्रा निकाल्न पर्छ मुस्किल
पालैपालो गरी तान्दा निक्लिन सक्दछन् सब ।

काम-क्रोध सबैलाई राख्ने टाँसेर हो भने
लोभ-मोह सबैलाई पालेर राख्दछौँ भने
सडेको फलझैँ बन्छ जिन्दगी यो सधैँभरि
घृणाको पात्र भै बाँच्न बाध्य हुन्छ यसैगरी ।

विकार हुन् यिनै तत्त्व प्राणीले जान्नुपर्दछ
टाँसिएका यिनै वस्तु उखेली फाल्नुपर्दछ
देहलाई सफा राख्न फोहोर त्याग्नुपर्दछ
आत्मालाई सफा राख्न विकार फाल्नुपर्दछ ।

मन स्वच्छ भए मात्र विचार उच्च बन्दछ
उच्च विचारले मात्र बुद्धिको मार्ग खुल्दछ
सबै फोहोर फ्याँकेर पवित्र पात्र बन्नु छ
प्रकाश जगमा छर्दै बत्ती झैँ अब बल्नु छ ।

***

# यात्रा

जहाँबाट हिँडेका छौं अन्यमा त्यहीं पुग्दछौं
बाटोमा जेजहाँ मिल्छ बाटोमै सब छोड्दछौं
तेरो-मेरो भनी लड्ने लडेरै बस्दछन् यहाँ
साँगुरो सोचमा बाँच्ने सडेरै बस्दछन् यहाँ ।

यात्राको क्रममा भेट्ने आफ्ना झैं लाग्न सक्दछन्
ज्वारभाटा उठेजस्तै भावना जाग्न सक्दछन्
गन्तव्य पर्खिंदासम्म अनेकौं फूल खिल्दछन्
पुगिन्छ जब गन्तव्य छोडेर सब हिँड्दछन् ।

जोडिने छुट्टिने गर्दै यात्रा अगाडि बढ्दछ
अनेकौं कष्ट बोकेर यात्री भ्रमण गर्दछ ।
सहयात्री सबैलाई नभन्नू मनका कुरा
मीठा-मीठा कुरा गर्छन् पीठमा राख्दछन् छुरा ।

सफा दृष्टि भएकाले राम्रो देख्छन् सबैतिर
यही नै भूलको सारा धोखा मिल्नेछ आखिर
दुष्ट व्यक्ति सधैं खोज्छ कमजोरी कहाँ भनी
सज्जन सहजै फँस्छ दुष्टको जालमा अनि ।

मार्गमा आउने बाधा तोडेर अघि बढ्नु छ
नदीझैं बग्नका लागि शक्ति सञ्चय गर्नु छ
महासागरमा पुग्ने नदीको लक्ष्य एक हो
उत्पत्ति विन्दुमा पुग्नु मान्छेको लक्ष्य एक हो ।

***

# परिवर्तन

जतातते चलेका छन् मौसमी शब्दका कुरा
परिवर्तन भैदिन्छ यसैमा सब ती कुरा
मौसमसँग जो चल्छ बुझेर चल्नुपर्दछ
नबुझी जो अघि बढ्छ समस्या झेल्नुपर्दछ ।

तातो-चिसो कता के छ बुझेर हिँड्नुपर्दछ
अनुकूल हुने वस्तु साथमा बोक्नुपर्दछ
जहाँ बसिन्छ स्थायी भै भाषा-संस्कृति जान्नु छ
श्रोताको चाहना बुझ्दै भाषण दिनुपर्दछ ।

ऋतुको चक्र जानेर कृषिको कर्म गर्नु छ
अनुकूल भए याम कर्ममा अघि बढ्नु छ
हरेक पाइला चाल्दा समय चिन्नुपर्दछ
यामको स्थिति हेरेर सत्कर्म गर्नुपर्दछ ।

समय जसरी चल्छ त्यै बाटो हिँड्नुपर्दछ
नसके हिँड्न त्यो बाटो हेरेर बस्नुपर्दछ
यामको गति रोकिन्न अघि बढ्नू निरन्तर
यसैभित्र अटाएर बढ्नुपर्छ अघिल्तिर ।

बुझेर जसले याम कर्ममा जुट्न पुग्दछ
अनेकौं लाभका साथ शिखर चुम्न सक्दछ
जो सक्छ यसरी चल्न उसैको लक्ष्य खुल्दछ
जिन्दगी दीपझैं चम्की अनेकौं फूल फुल्दछ ।

***

# अँध्याराको फल

अरूको हित जो गर्छ उसैको जित आखिर
अरूको आँसु जो पुच्छ हाँसेको देख्न खातिर
जो बाँच्छ अरूको लागि दुःख आइपरे पनि
यस्ता मानिसको आज खाँचो नै छ जता पनि ।

अरूको भाग खोसेर खानेको छ जमात यो
अरूलाई सताएर रमाउने जमात यो
सोझालाई समातेर बलि दिने समाज यो
न्यायको आस के राख्नु सिङ्गै भ्रष्ट समाजको ।

बाटो देखाउने बत्ती आफै भयो धरापमा
नमिले अरूको साथ सक्दैन खट्न काममा
रातमा बत्ती देखेर आकर्षित हुनेहरू
कतिले प्राण अर्पिन्छन् प्रेम अन्धा हुनेहरू ।

अँध्यारोमा लुकेका छन् बहुमूल्य सबै धन
आफैमा अल्झिएका छन् मान्छेको चञ्चले मन
उज्यालो ज्ञान हो भन्छन् धेरैले यही खोज्दछन्
विज्ञानले सधैँ खोज्छ भेटिन्छ पनि भन्दछन् ।

मान्छेको हितका लागि आविष्कार भए सब
लोभी-पापी भए मान्छे उद्देश्य बिर्सिए अब
आपसी झगडा गर्दै विनाशतिर लम्किँदा
आविष्कार भए अस्त्र अहंमा सब गम्किँदा ।

शक्तिको स्रोत भो अस्त्र विज्ञान खेद मान्दछ
आविष्कार भयो व्यर्थ गल्ती भो अब ठान्दछ
अहित-हितको साटो हतियार बने जब
धर्तीमा बस्नका लागि सुरक्षा छैन है अब !

***

# जीवनचक्र

ताली-गाली सबै पाएँ रातो-कालो सबै घसेँ
कहिले सहजै उत्रेँ कहिले छेउमै फसेँ
हिलो-धुलो सबै टेक्दै यात्रामा म बढी रहेँ
शिखर चुम्नको लागि उकाली म चढी रहेँ ।

बाटामा आउने त्यस्ता बाधा पन्छाउँदै बढेँ
समन्वय गरेकाले यात्राका ती सिँढी चढेँ
चिप्लिँदा ठोक्किँदा देह पीडाग्रस्त थियो तर
साहसी व्यक्तिका सामु यी बाधा टिक्न सक्छ र ?

अनुकूल थिए साँझ-बिहानी पनि स्वच्छ थ्यो
सानातिना सबै बाधा विस्तारै सब हट्दथ्यो
सहयोगी सबै साथी कार्यमा सब व्यस्त थे
शरीरका सबै भाग सक्रीय अनि स्वस्थ थे ।

गन्तव्य एउटै ठानी कार्य गर्दा सबै मिली
असम्भव कुनै छैनन् चढ्न मिल्छन् सबै सिँढी
चढ्दै-चढ्दै पुगी माथि आँखालाई घुमाइयो
चारैतिर सफा देख्दा भित्रैदेखि रमाइयो ।

केही बेर रमाएर फर्किनतिर लागियो
सोपान ती चढी धेरै वर्लिनतिर थालियो
शुरूको विन्दुमा आई थकाइ भेट्न थालियो
प्रयोग नहुने वस्तु त्यहीँ छानेर फालियो ।

यात्राको चक्र भो पूरा धेरे कर्म पूरा भए
नसक्ने जति थे कार्य सबै ती अधुरा रहे
हेर्दै सिक्दै हिडेँ साथ लक्ष्य हासिल भो सब
सबैसँग बिदा मागी छुट्टिने दिन भो अब ।

***

# सुखको महत्त्व

पीडा जो मनमा हुन्छ लुकाई राख्नुपर्दछ
अरूलाई बताएमा आफ्नो सम्मान घट्दछ
समयले सबैलाई सबै कुरा सिकाउँछ
धीरता साथ बस्नाले उज्यालो दिन आउँछ ।

सधैँ रात कतै हुन्न कतै हुन्न सधैँ दिन
आलो-पालो सधैँ हुन्छ सबैमा न्याय भैदिन
दुःख त्यो सहने चित्त सुखमा मात्तिने डर
संयम नसके बन्न नाश हुने सधैँ डर ।

सुखको चाहनाले नै दुःखको जन्म भैदिने
दुःखकै पोखरी माझ सुखको फूल फक्रिने ।
दुःख समुन्द्र झैँ लाग्ने सुख सानो नदीसरि
नदी समुद्रको नाता सँगै हुन्छ सधैँभरि

सुखको आशमा बाँच्न सबैले सिक्नुपर्दछ
दुःखकै साथमा बाँच्ने अभ्यास गर्नुपर्दछ
यात्रा शिखरको गर्दा पीडा अवश्य हुन्छ नै !
पुग्दा शिखर टुप्पामा आनन्द अति मिल्छ नै !

आनन्द प्राप्तिका लागि पीडा सहनुपर्दछ
आमा बन्न कहाँ मिल्छ सबैले बुझ्नुपर्दछ
सङ्घर्ष नगरी मिल्ने सुखको अर्थ के छ र !
महत्त्व सुखको बुझ्न दुःखमै हुन्छ निर्णय ।

***

# बोल्नेको पीठो बिक्छ

आफू हिँड्न नजानेर पाउमा ठेस लाग्दछ
दोष पत्थरको हुन्छ उसैले चोट खप्दछ
फड्केर उपियाँ भाग्छ जुम्राको काल आउँछ
सोझा जति सबै फँस्छन् बाठो बाटो तताउँछ।

पीठो बिक्दै छ बोल्नेको खुसी छन् सब ग्राहक
नबोल्ने झोक्रिँदै बस्छन् बिक्री हुँदैन चामल
जो बोल्छ उसको चल्छ कारोवार सबै यहाँ
पछि पर्छ नबोल्ने त्यो बन्दैन काम क्यै यहाँ।

बोल्नेको भाव जानिन्छ बुझिन्छ मनको कुरा
नबोल्ने भित्र के हुन्छ बुझिन्न उसका कुरा
खुला हृदयले बोल्दा सुन्नेको मन खुल्दछ
मनको मेलले गर्दा खुसीको फूल खिल्दछ।

आफूमा नहुँदा ज्ञान जान्ने झैं गर्न खोज्दछ
व्यवहार हुँदै गर्दा विस्तारै सत्य खुल्दछ
आफूमा नभए ज्ञान जान्दिन भन्नु उत्तम
बाटो अल्मलमा पर्दा सोध्नु नै हुन्छ उत्तम।

सर्वज्ञ  जन पाइन्न संसारको कतै पनि
धेर-थोर हुने गर्छन् सबै नै ज्ञानका धनी
आफू सर्वज्ञ हो भन्ने घमण्ड गर्नु नै किन ?
सत्य के हो नजानेर व्यर्थैमा बोल्नु नै किन ?

सबैको साथमा बस्न सिकेको हुनुपर्दछ
जान्नेछन् सबै नै भन्ने मान्यता राख्नुपर्दछ
सबैको माझमा बस्दै हाँसेर बाँच्न जान्नु छ
सबैको माझ होस् किन्तु एक्लैको भाव उन्नु छ।

***

# आनन्दमय ईश्वर

बितेका घटना सम्झी दुःखमा किन डुब्नु र ?
बितेका दुःख बिर्सेर हाँसेर बाँच्न हुन्न र ?
दुःख हुने कुरालाई बिर्सने गर्नुपर्दछ
राम्रा-राम्रा कुरा सम्झी आनन्द लिनुपर्दछ ।

सम्झना दुःखको गर्दा दौडेर दुःख आउँछन्
सम्झना सुखको गर्दा दौडेर सुख आउँछन्
आफ्नो इच्छा छ के गर्ने सोचेर गर्नुपर्दछ
आफू नै हो सबै गर्ने आफैले अगि बढ्नु छ ।

दुःखमा बाँच्न चाहेमा दुःखकै मार्गमा चलौँ
सुखमा बाँच्न चाहेमा सुखकै मार्गमा चलौँ
आनन्द प्राप्तिका लागि अनेकौँ कार्य गर्दछौँ
सन्मार्गमा चलेमात्र आनन्द प्राप्त गर्दछौँ ।

आनन्द स्रोत हो हाम्रो त्यही गन्तव्य हो पनि
जहाँ जे जसले गर्छ सबैको लक्ष्य हो पनि
सागर स्रोत पानीको त्यसैमा जल पुग्दछ
सबैले स्रोत खोजेर अन्त्यमा मन पुग्दछ ।

प्राणीको स्रोत यौटै छ गन्तव्य पनि एक छ
परमानन्द प्राप्ति नै सबैको लक्ष्य एक छ
जहाँ आनन्द मिल्नेछ त्यही ईश्वर हो बुझ
सबैको एक हो प्राप्ति आनन्दमय ईश्वर ।

***

# समस्या समाधान

समस्या नहुने मान्छे पाइँदैन कतै पनि
समस्याबाट जो भाग्छ पुग्दैन त्यो कतै पनि
साना-ठूला सबै खाले समस्या हुन सक्दछन्
समस्या जालझैं हुन्छन् माकुरा मान्छे बन्दछन् ।

जालो बुन्दछ आफैले त्यसैमा आफू बस्दछ
शिकार पार्न खोज्दैमा जिन्दगी त्यहीँ फस्दछ
समस्या जति जे पर्छ समाधान छ सोच्नु छ
सुखको मार्गका लागि उपाय पनि खोज्नु छ ।

ठूलो ठानी डराएमा हार अवश्य हुन्छ नै !
सानो ठानी धपाएमा जित अवश्य हुन्छ नै !
समस्या जित्नको लागि साहस हुनुपर्दछ
सानो छ सजिलै जित्छु यो आँट हुनुपर्दछ ।

डराउने डराएरै जिन्दगी नष्ट पार्दछ
जहाँ जे जसरी गर्छ सबैमा नर हार्दछ
समस्या कसरी आयो उपाय सोच्नुपर्दछ
मार्गमा आउने बाधा बाटैमा छोड्नुपर्दछ ।

सबै बन्धन तोडेर अगाडि बढियो भने
मार्ग प्रशस्त बन्नेछ साहस गरियो भने
लक्ष्यमा पुग्नको लागि सहजै द्वार खुल्दछ
आनन्दसँग बाँचेर सम्मान पनि मिल्दछ ।

***

# मनको खुसी

जहाँ जे जसरी मिल्छ त्यसैमा रम्नुपर्दछ
नमिल्ने वस्तुको चाह तत्कालै छोड्नुपर्दछ
नाशवान् रहने वस्तु सङ्ग्रह किन गर्नु र ?
तत्काल जति खाँचो छ त्यति नै लिन हुन्न र ?

असीमित भए इच्छा सीमित पार्नुपर्दछ
नभई नहुने मात्र सङ्ग्रह गर्नुपर्दछ
आदत नभए राम्रो गलत वस्तु किन्दछ
सङ्गत नभए राम्रो मान्छे खराब बन्दछ ।

कुकर्म जसले गर्छ ऊ सधैँ तल झर्दछ
झरेको पात झैँ बन्दै अस्तित्व नष्ट पार्दछ
अरूको हित जो सोच्छ सबैको मन जित्दछ
रमाई बाँच्न ऊ सक्छ अनेकौँ सुख मिल्दछ ।

आफ्नो सम्झी सबैलाई आदर गर्नुपर्दछ
सबैमा क्षमता हुन्छ बुझेर बोल्नुपर्दछ
नजान्ने व्यक्ति क्वै हुन्न भन्ने सोच भयो भने
समाज सभ्य बन्नेछ समभाव रह्यो भने ।

स्वभाव सीप सत्ज्ञान विभिन्न हुन सक्दछन्
अनेकौँ भेदका काम व्यक्तिले गर्न सक्दछन्
सम्मान कामको गर्दै विभेद नगरीकन
व्यवहार गरेमात्र खुसी हुन्छ सदा मन ।

***

# पात्रता

ठाउँ खाली भए मात्र सामान राख्न मिल्दछ
ठाउँ हेरेर के राख्ने निर्णय लिनुपर्दछ
नलिई पात्रको ज्ञान वस्तु राख्ने गर्‍यौं भने
स्वयं मूर्ख भइदिन्छौं साक्षात्कार हुँदा भरे ।

पात्र चिन्न सकेमात्र गरेको फल मिल्दछ
कुपात्रमा परे वस्तु व्यर्थमा दुःख मिल्दछ
नअडे पात्रमा वस्तु हाल्नुको अर्थ के भयो ?
नबुझ्री शब्दको अर्थ बोल्नुको अर्थ के रह्यो ?

जसको दाँत नै छैन कडा खान दियौं भने
दिनुको अर्थ के हुन्छ ? बेकार त्यो सदा हुने
उपयोग हुने वस्तु दानमा दिनुपर्दछ
सुरक्षित हुने वस्तु पात्रमा राख्नुपर्दछ ।

सत्पात्र नमिलेसम्म धैर्य नै गर्नुपर्दछ
उचित पात्र भेटेमा चाहेको दिनुपर्दछ
हल्लाको भरमा हिँड्ने बानीलाई लियौं भने
हल्लिँदै दिन बित्नेछन् यस्तै-यस्तै गर्‍यौं भने ।

असली पात्र छानेर राखेका वस्तु ती सबै
बिग्रिँदैनन् सदा शुभ्र ताजाझैं बस्तछन् सधैं
वस्तुको गुण बिग्रेमा प्रयोग हुन्छ नै कहाँ ?
खराब वस्तु देखेमा व्यक्तिले छुन्छ नै कहाँ ?

***

# सफलता

अरूको भर पर्नेको भविष्य अन्धकार छ
सुख-शान्ति कतै हुन्न जिन्दगी नै बेकार छ
काँधमा बोकिने वस्तु बोक्नेमा भर पर्दछ
बोक्नेलाई भए बोझ बाटाको माझ फाल्दछ ।

जब फालिन्छ बाटामा अवस्था हुन्छ के बुझौँ
देख्नेले कसरी हेर्छन् के भन्छन् कल्पना गरौँ
आफ्ना नजिकका मान्छे कसरी बोल बोल्दछन्
सबैको सोच के बन्छ के व्यवहार गर्दछन् ।

आफ्नै तागतले हिँड्दा गति विस्तार बढ्दछ
निरन्तर गरे यत्न हिमाल पनि चढ्दछ
आफ्नो मालिक हो आफै आफैमा पूर्ण ठान्नु छ
आफैमा छन् सबै तत्त्व भित्रको शक्ति जान्नु छ ।

आफैलाई चिनेमात्र कर्मको द्वार खुल्दछ
सबैको स्रोत आफै हो खोजेमा सब मिल्दछ
अनेकौँ सपना देख्दै टाढा-टाढा घुम्यौँ भने
बाटोमा जिन्दगी बित्छ यसरी नै हिँड्यौँ भने ।

आफैमा गर विश्वास गर्न सक्छु सबै भनी
सामर्थ्य छ ममा भन्ने सामर्थ्य दृढता पनि
दृढ सङ्कल्पका साथ कर्म गर्ने गरी प्रण
जसले पाइला चाल्छन् हुन्छन् सफल ती जन ।

***

# प्रकृतिको महत्त्व

सित्तैमा पाइने वस्तु अमूल्य हुने गर्दछन्
तर चिन्दैन मान्छेले व्यर्थैमा ती बिगार्दछन्
अभाव नहुँदासम्म महत्त्व शून्यझैँ हुने
अभाव जब त्यो हुन्छ मूल्यको ज्ञान भैदिने ।

हावा, पानी र आकाश धर्तीको साथमा हुँदा
सूर्यको तापका साथ मातापिता सँगै हुँदा
कसैले पनि बुझ्दैनन् महत्त्व सबको यहाँ
महत्त्व तब बुझ्नेछन् अभाव हुन्छ त्यो जहाँ ।

उज्यालो रहँदासम्म टुकी खोज्दैन क्वै पनि
आमाबुवा हुँदासम्म दुःख दिँदैन क्वै पनि
जवानी रहँदासम्म पीडा बुझ्दैन देहको
लिलामी नभएसम्म बोझ बुझ्दैन रीनको ।

अर्काको धन भेटेमा खर्चिन किन कन्जुस
जेजति मनमा लाग्छ दिएर दानी बन्नु छ
आफैले जब आर्जिन्छ महत्त्व तब बुझ्दछ
सकेसम्म बढी खर्च नगर्नेतिर लाग्दछ ।

प्राणीको प्राण हो हावा नभए प्राणी मर्दछ
सबैले सहजै पाई मानिस दङ्ग पर्दछ
पानी, आकाश, धर्ती यो सित्तैमा उपलब्ध छ
दायित्व नभए साथ कसरी सृष्टि चल्दछ ।

सामर्थ्य कसको हुन्छ यिनको मूल्य तिर्नमा
विनामूल्य मिलेका छन् प्राणीको हित गर्नमा
प्रकृति सबको माता सबैको हित गर्दछिन्
दायित्व उनको पाई प्राणीले कर्म गर्दछन् ।

प्रकृति सबको लागि कृपा सम्मान गर्दछिन्
सही ज्ञान नपाएर व्यर्थैमा प्राणी लड्दछन्
तेरो-मेरो गरी लड्दै समय खेर फाल्दछन्
झगडा व्यर्थमा गर्दै मार्दछन् अनि मर्दछन् ।

साझा हो सबको भन्ने सबैले बुझ्नुपर्दछ
सबैको हितका लागि प्रयोग हुनुपर्दछ
सुरक्षामा खटौं हामी प्रकृति पूजनीय छिन्
अमूल्य धन हुन् हाम्री सधैँ निःशुल्क प्राप्त छिन् ।

***

# प्रयत्न गर्नु छ

सबैलाई खुसी पार्ने प्रयत्न गर्नु व्यर्थ छ
उसैलाई खुसी राखौँ जो सधैँ साथ बस्दछ
जोडिएका सबै वस्तु छुटेरै जाने गर्दछन्
फूलेका जति छन् फूल झरेरै जाने गर्दछन् ।

मन हो साथमा बस्ने ईश्वर प्राणशक्तिको
मनलाई खुसी राख्दै रक्षा गर्नु छ प्राणको
जोडिएका सबैलाई नराम्रो किन गर्नु र !
सबैको स्थान आफ्नै छ बिगार्न किन बढ्नु र !

अरूको प्रिय बन्दै छु भन्ने सोच लियौँ भने
मनमा भ्रम पाल्दै छौँ धोखा मिल्नेछ है भरे
आफ्नाकै प्रिय बन्दैनौँ अरूको त रह्यो पर
देखावटी सबै गर्छन् नपर्नु कहिल्यै भर ।

सधैँ सचेत भै बस्नु यस्ता व्यक्तिहरू मिले
सकेसम्म भए टाढा बस्न पाइन्छ मस्तले
अनेकौँ स्वार्थ बोकेर हिँड्ने गर्छन् सबै जन
मीठा-मीठा कुरा गर्छन् स्वार्थी व्यक्तिहरू किन ?

फेरिन्छ मनको भाव परिस्थिति सँगै सधैँ
ऋतु जानेर उम्रिन्छन् वनका झार ती सबै
आफ्नै टाढा भइदिन्छन् अर्को नजिक बन्दछ
दुःख आपत्तिमा मान्छे सधैँ एकल बन्दछ ।

***

# आफ्नै स्थान

टोपीको स्थान हो शिर शिरमै ऊ सुहाउँछ
जुत्ताको स्थान हो पाउ पाउमै ऊ रमाउँछ
माछा बाँच्नेछ पानीमा नत्र ऊ मर्न सक्दछ
आशमा मनुवा बाँच्छ नत्र ऊ मर्न सक्दछ ।

सबैको स्थान आफ्नै छ आधार पनि भिन्न छ
चाहना सबको आफ्नै सोचाइ पनि भिन्न छ
जहाँ जो जसरी बस्दा खुसी आनन्द मिल्दछ
त्यही नै बस्नको लागि व्यवस्था मिल्नुपर्दछ ।

जो उड्छ उसको लागि आकाश मिल्नुपर्दछ
जो हिँड्छ उसको लागि सुमार्ग मिल्नुपर्दछ
मिलेर बस्नको लागि खाँचो छ त्यागको जहाँ
त्याग गर्न सकेमात्र अग्रता लिन्छ है यहाँ !

वर्षामा नपरे पानी धर्तीमा मूल फुट्छ र ?
बीजमा नभए शक्ति वृक्षको जन्म हुन्छ र ?
अनुशासनको लागि भय ता हुनुपर्दछ
अनुशासनमा बस्न संयम हुनुपर्दछ ।

आगो-पानी मिलेजस्तै मिलेरै विश्व चल्दछ
आगोमात्र भए विश्व क्षणमै सब जल्दछ
सबैतिर भए पानी मानव बाँच्न सक्छ र ?
पीडामात्र भए त्यस्तो मानव बाँच्न सक्छ र !

***

# रूप

बाहिरी रूप राम्रो त देखिने रूपमात्र हो
यसैको भरमा धेर निर्णय हुने गर्छ त्यो
हेर्नेले बाहिरै हेर्छ भित्र सक्दैन देख्न त्यो
चाहिने वस्तु भित्रैको सबैले बुझ्नुपर्छ यो ।

राम्रो बोक्रा भएमात्र फल ती किन्ने गर्दछन्
रस र स्वाद कस्तो छ खाएर मात्र जान्दछन्
प्रयोग नगरेसम्म जानिँदैन सबै कुरा
प्रयोग गर्नका लागि पाइँदैन सबै कुरा ।

भित्रको गुणको ज्ञान जान्नेले मात्र बुझ्दछ
अनेकौँ वस्तुको ज्ञान कसरी बुझ्न मिल्दछ
नबुझी भित्रको तत्त्व सङ्ग्रह जब गर्दछन्
अनेकौँ दुःख पाएर वस्तु नै खेर फाल्दछन् ।

आफै मात्र सबै काम गरेर हुन्न सम्भव
अरूको भरमा पर्दा कसरी काम बन्दछ ?
आफूबाट हुँदा काम बढी नै लाभ मिल्दछ
सकेसम्म सबै जाँची लिने प्रयत्न गर्नु छ ।

चस्माको रङ्गले गर्दा छनोट सक्छ बिग्रिन
भित्री आँखा लगाएर गर्नुपर्दछ एकिन
खराब छानिँदा वस्तु सबैलाई बिगार्दछ
उत्कृष्ट छान्नको लागि प्रयत्न गर्नुपर्दछ ।

***

# पर्खाइको आनन्द

पर्खनु सबले पर्छ चाहेको वस्तु पाउन
पङ्क्तिबद्ध रहेमात्र पालो आउँछ पाउन
बाबुबाजे भएका छन् छोरो बाबु भयो उता
आमा हजुर भै आमा, बधू आमा भइन् उता ।

अँधेरी रात बित्दै छ उज्यालो दिन आउन
बटुवा हिँड्न खोज्दै छन् यात्राको पथ पाउन
चराले बास छोड्दै छन् चाहरा खोज्न खातिर
किसान घर छोड्दै छन् खेतमा जान खातिर ।

परीक्षा जसले दिन्छ प्रतीक्षा गर्नुपर्दछ
परिणाम भए राम्रो काममा जुट्नुपर्दछ
बारीमा बीज रोपेर किसान पर्खिबस्दछ
पानी खाद लगाएर कर्तव्य पूर्ण गर्दछ ।

पूरा समय पर्खेर बाली भित्र्याउँदै छ ऊ
धैर्य साथ बसेकाले आज आनन्दमा छ ऊ
पर्खेर जसले बस्छ लक्ष्य त्यो प्राप्त गर्दछ
धैर्य गर्न नसक्नेले तड्पेर बस्नुपर्दछ ।

पर्खाइ पछिको प्राप्ति आनन्ददायी हुन्छ नै !
झरीको पछिको घाम अत्यन्त प्रिय हुन्छ नै !
पर्खन जसले सक्छ उसैले प्राप्ति गर्दछ
सुखको अर्थ जानेर सुकीर्ति पनि छर्दछ ।

***

# मन सागर

आफैलाई गरौँ प्रश्न म को हुँ किन जन्मिएँ ?
केका लागि भयो जन्म यहाँ के गर्न जन्मिएँ ?
जहाँ म जन्मिएँ आज संयोग कसरी बन्यो
आफ्नै प्रारब्धले हो कि अरू नै योजना थियो ।

अनेकौँ प्रश्न छन् सामु उत्तर दिन सक्छ को ?
भेटिँदैन कतै अर्को उत्तर दिन योग्य त्यो
सही उत्तरका लागि आफै बन्नु छ तत्पर
आत्मा बुद्धु बनाएर आफ्नै हो मन सागर ।

पवित्र सोचका साथ कर्ममा जुट्नुपर्दछ
छरिएका सबै ज्ञान जुटाइ राख्नुपर्दछ
आफैभित्र गरौँ खोज भेटिनेछन् सबै धन
आफैलाई गरौँ प्रश्न म अन्धो झैँ भएँ किन ?

सल्लाह अरूको भन्दा आफैसँग लिने गरौँ
अरूसँग रुने हैन आफैसँग रुने गरौँ
आँसुलाई लुकाएर मुस्कान पस्किने गरौँ
अरूको माझमा पुग्दा फूल झैँ वासना छरौँ ।

आफैभित्र रहेका छन् उत्तर सब प्रश्नका
पाना पल्टाउँदै जाऊँ जिन्दगीका किताबका
आँसु-हाँसो र सङ्घर्ष वर्तमान भविष्यका
सबै उत्तर भेटिन्छन् आफैभित्र रमाउँदा ।

आफ्नो विश्वास आफैले सदैव गर्नुपर्दछ
आफ्नो बारे सबै जान्ने आफै हो ठान्नुपर्दछ
भेटिएका सबै मान्छे अलग्गै ठान्नुर्पछ
आफू छुट्टै हुँ ठानेर अगाडि बढ्नुपर्दछ ।

***

# अन्तस्करण

पाकेको बेल देखेर कौवा मान्दैन क्यै खुसी
जान्दैन कसरी खाने कसरी हुन्छ ऊ खुसी
नचिन्नेहरूको लागि हीरा पत्थर झैँ हुने
नबुझ्नेहरूका लागि शास्त्र बेकार भै दिने ।

दृष्टिविहीनका लागि अनेकौँ रङ्ग व्यर्थ छ
वाक्य शक्ति गुमेकाको इशारामात्र बन्दछ
नैतिकता गुमेकाले नगर्ने काम के छ र !
चरित्रहीनका लागि लाजको हुन्छ के डर !

दास बन्ने भए बानी दासत्वमा रमाउँछ
मालिकले दिएकोमा खुसी भई समाउँछ
जुठोलाई मिठो ठान्ने उसैको पछि लाग्दछ
आफ्नो शान गुमाएर झिँगाझैँ पछि लाग्दछ ।

बीजमा फल देख्नेले वाणीमा मन देख्दछ
पवित्र मनको मान्छे कणमा ईश देख्दछ
आफूभित्र भए दोष सबैमा दोष देख्दछ
अरूबाट भए हार घरमा रीस पोख्दछ ।

पौडिने जनका लागि पानीमै सुख मिल्दछ
तैरिन नसके पानी मृत्युको स्थान बन्दछ
नचिन्ने जनको माझ बस्नुको अर्थ के छ र ?
जहाँ सम्मान पाइन्न जानुको अर्थ के छ र ?

***

# क्षणिकता

अभावसँग जुध्दै छन् प्राणीमात्र सबै यहाँ
अभाव नहुने प्राणी पाइँदैन कतै यहाँ
अभाव पूर्तिका लागि प्रयत्न सब गर्दछन्
थोरै मात्र हुँदा प्राप्ति क्षणिक दङ्ग पर्दछन् ।

अभाव वस्तुको मात्र हुँदैन बुझ्नुपर्दछ
मान्छेमा नहुँदा ज्ञान पशुझैँ किन गर्दछ ?
हराएझैँ भयो आज मानवसँग चेतना
व्यभिचारी भए मान्छे बुझ्दैन दुःख वेदना ।

माया-प्रेम कतै छैन व्यापारसरि झैँ भयो
कारोवारी भए मान्छे लेनदेन चली रह्यो
अधिकार सबै खोज्ने कर्तव्य खै कहाँ छ र ?
नैतिकता कतै छैन हरायो पापको डर ।

स्वधर्म सबको हुन्छ मान्छेमा कमी भो किन ?
पापको डर नै छैन बिग्रियो मान्छे यो किन ?
सानामाथि गरेको छ अत्याचार सधैँभरि
दया र करुणा आज अभाव भए झैँ गरी ।

ठूला-साना सबै आज कुकर्मीतिर व्यस्त छन्
सेवाभाव कतै छैन आफैमा सब मस्त छन्
गरीब सोचले मान्छे पछाडि पर्छ नै किन ?
सुधार नगरे सोच पीडामा पर्छ जीवन ।

***

# लक्ष्यचिन्तन

पाएर पनि के गर्छौं खाली-खाली भएसरि
खाएर पनि के हेर्छौं खाली पेट भएसरि
लाएर पनि हेर्दै छौं नाङ्गो देह भएसरि
बुझेर पनि सोध्दै छौं नबुझेझैं घरी-घरी ।

जानेर पनि गर्दै छौं कुकर्म किन यो घरी
सही मार्ग बिराएर कष्ट भोग्दै थरी-थरी
सच्चाइ ढाक्न खोज्दै छौं नजानून् अरूले भनी
प्रयत्न धेर गर्दै छौं कसरी छोपिने भनी ।

अरूको दोष खोज्नेले आफ्नो छोप्नुपर्‍यो किन ?
अरूलाई सफा गर्नू आफू स्वच्छ भइकन
अगाडि नबढेसम्म सम्भव कसरी हुने
आफ्ना दोष सबै फाँडी आफू स्वच्छ सदा हुने ।

आफूलाई सुधारेर अगाडि बढ्नुपर्दछ
सबैको हितको लागि सत्कर्म गर्नुपर्दछ
नजान्नेहरूका लागि सिक्ने मौका दियौं भने
सबै जान्ने भए मात्र उन्नति सबको हुने ।

बाटो चिनेर बढ्छन् जो गन्तव्य नजिकै हुने
उसको पछि लाग्नाले सहजै लक्ष्य त्यो छुने
नेतृत्व जसले गर्छ ऊ योग्य हुनुपर्दछ
सबैको लक्ष्यको मार्ग उसैमा भर पर्दछ ।

अगुवाले गरे गल्ती सबैले दुःख पाउँछन्
सक्षम अगुवा पाए सबैले सुख पाउँछन्
सुयोग्य अगुवा छानी उसैको पदमा हिँडे
सुख-समृद्धिका साथै आनन्द मिल्छ है भरे ।

***

# शान्तिकामना

सिक्ने प्रयत्न गर्ने हो बाँचुन्जेल सधैँभरि
सकिँदैन सबै सिक्न विषय छन् थरी-थरी
जे सिक्छौ राम्ररी जानौँ प्रयोग गर्न सक्नु छ
प्रयोग नगरेसम्म जानेको पनि व्यर्थ छ ।

घमण्ड नगरे राम्रो धेरै जान्ने भएँ भनी
जान्ने जो छ झुकी दिन्छ नजान्दोसरि झैं बनी
खहरे गड्गडाएर बगेको देख्दछौँ तर
नदी बग्छिन् भई शान्त बग्दछिन् ती निरन्तर ।

देखासिकी गरेका छन् धेरैले यस लोकमा
आफूमा नभए ज्ञान उफ्रिनु किन व्यर्थमा ?
अरूले कसरी हेर्छन् यो पनि बुझ्नुपर्दछ
चाहना सबको बुझ्दै अगाडि बढ्नुपर्दछ ।

प्रत्येक दिन बेग्लै छ नयाँ पाठ सिकाउँछ
पन्ना हो जीवनीको यो पल्टाउँदै बिलाउँछ
के सिक्यौँ आजको वेला नयाँ पन्ना सदा पढी
प्रयोग त्यो कता गर्छौं जिन्दगीको सराबरी ।

पन्ना पल्टाउँदै गर्दा पट्यार लाग्न सक्दछ
विषय भिन्न पाएमा पढ्ने जाँगर जाग्दछ
नयाँ बिहानको साथ नयाँ सूर्य उदाउँछ
नयाँ किरणका साथ नयाँ पात पलाउँछ ।

सधैं ताजा भए मात्र बोटमा फूल खिल्दछ
सधैँ चुस्त भए मात्र जिन्दगी अघि बढ्दछ
सिक्ने सिकाउने कार्य यसैमा भर पर्दछ
नभए मनमा शान्ति चाहना मर्न सक्दछ ।

***

# सङ्गतको फल

सङ्गत जसको गर्छौं उसैको रङ्ग सर्दछ
कस्ताको साथ हिँड्ने हो आफैमा भर पर्दछ
सज्जनसँगको साथ सधैँ आनन्द मिल्दछ
सुगन्ध मनमा फैली प्रेमको फूल फुल्दछ ।

काँडाको वनमा पस्दा चिथोरिन्छ जतातत‍ै
धमिलो जलमा खेल्दा फोहोरी बन्द छौं सधैँ
अँध्यारो मार्ग रोज्नेले सही मार्ग बिराउँछ
अनेकौं कष्ट भोगेर सुख-शान्ति गुमाउँछ ।

सन्तको साथमा बस्दा मनमा शान्ति मिल्दछ
ज्ञानीको साथमा बस्दा अनेकौं ज्ञान मिल्दछ
अँध्यारो कक्षमा बस्दा अँध्यारो बन्छ जिन्दगी
उज्यालो स्थलमा बस्दा चम्किलो बन्छ जिन्दगी ।

फूलको साथमा बस्दा सुगन्ध मिल्छ नै सधैँ
हिलोको माझमा बस्दा दुर्गन्ध मिल्छ नै सधैँ
उद्यमी बन्नका लागि कमिलासँग हिँड्नु छ
सफल कसरी बन्ने माकुरासँग सिक्नु छ ।

हाँसको साथमा बस्दा न्यायको ज्ञान बढ्दछ
बकुल्लासँगमा बस्दा ध्यानको स्थिति बढ्दछ
कुकुरको भए साथ इमान्दारी हुने सबै
कुखुरा साथमा बस्दा सबेरै उठ्छ त्यो सधैँ ।

साधुको साथमा हिँड्दा चोर साधु भए कति
ज्ञानीको साथ लाग्नाले मूर्खको बद्लिने मति
राम्रो सङ्गतले मात्र लक्ष्यको मार्ग मिल्दछ
जमिन नभए राम्रो कसरी फूल खिल्दछ ।

***

# थोरै सुन्ने धेरै गर्ने

सुन्नकै लागि हो कान सबैमा हुने गर्दछ
प्राणीमा नभए ज्ञान बाँच्न मुस्किल पर्दछ
मीठा सङ्गीतका धुन कानमा जब पर्दछन्
सिङ्गै देह मजा लिन्छ आनन्द त्यही झर्दछन् ।

राम्रा-राम्रा कुरा सुन्दा ज्ञानको दीप बल्दछ
अगाडि बढ्नको लागि सहजै द्वार खुल्दछ
नमीठा शब्द सुन्नाले आनन्द मिल्छ नै कहाँ ?
जहाँ मिल्दैन आनन्द नजानू कहिल्यै त्यहाँ ।

समाजका सबै मान्छे बोल्छन् बुझेर नै कहाँ ?
नबुझी जसले बोल्छन् बोल्दै हिँड्छन् जहाँतहाँ
अगाडि बढ्न जो खोज्छ कुरा मानिस काट्दछन्
सकेसम्म लछारेर त्यसैको पाउ तान्दछन् ।

अगाडि बढ्नको लागि कानमा ठेडी हाल्नु छ
कान बन्द गरे मात्र अगाडि बढ्न सक्दछ
थरीथरी कुरा सुन्दा बिग्रिन्छ मनको स्थिति
सही निर्णयमा पुग्न रोकिन्छ मनको गति ।

भ्रामक सूचना सुन्ने बानी हुन्छ कतैकतै
यसैको भरमा चल्दा पछि मान्छे पर्‍यो सधैँ
सही स्रोत भए मात्र सूचना लिनुपर्दछ
बुझेर सूचना सुन्ने अभ्यास गर्नुपर्दछ ।

समाज घर बिग्रन्छ बढी कुरा सुन्यौ भने
थोरै तर सही सुन्दा समाज भव्य भैदिने
जगत्को हितको लागि राम्रा कुरा सुनौँ सधैँ
अकल्याण हुने वाक्य नसुनौँ है सधैँ सधैँ ।

***

# कर्ममा जुट्नुपर्दछ

गहुँमा गुण जे हुन्छ पीठोमा त्यही सर्दछ
पीठो राम्रो भए मात्र रोटी मीठो त बन्दछ
सुधार गहुँको गर्नु आवश्यक हुने भयो
बिउ, खेती सुधारेमा गहुँ राम्रो हुने छ त्यो ।

नराम्रो जसले सोच्छ नराम्रो सब देख्दछ
सुधार सोचमा आए त्यसैमा स्वच्छ भेट्दछ
दिने कोसँग जे हुन्छ उसले पनि बाँड्दछ
लिनेले कसरी लिन्छ उसैमा भर पर्दछ ।

सोच राम्रो भएकाले राम्रो ठानेर टिप्दछन्
खोटी सोच भएकाले नराम्रो मात्र देख्दछन्
खोटी सोच हुने मान्छे ऊ सधैँ दुःख भोग्दछ
पश्चगामी स्वयं ठान्छ धेरै सोचाइ गर्दछ ।

अरूको कुभलो सोच्ने मान्छे निकृष्ट हो बुझौं
यस्तासँग भए टाढा उन्नति हुन्छ यो बुझौँ
अरूको दोष खोज्नेले सबैमा दोष देख्दछ
अरूको गुण देख्नेले सम्मान गर्न जान्दछ ।

सम्मान अरूको गर्दा आफ्नो सुनाम बढ्दछ
सम्मानित सधैँ हुन्छौँ सबैको शान बढ्दछ
सँगै बाचौँ सधैँ हाँसौँ यो सोच हुनुपर्दछ
सबैको हितका लागि कर्ममा जुट्नुपर्दछ ।

***

# नवीनता

भएका वस्तु फालेर नयाँ खोज्दै हिँड्यौं भने
कहिलेसम्म हिँड्ने हो सदा यस्तै गर्‍यौं भने
नयाँको स्वाद कस्तो छ कस्तो छ भित्रको रस
बुझ्दैमा दिन बित्नेछन् नपाई फलको रस ।

नयाँ हुँदा सबै वस्तु राम्रा नै लाग्ने गर्दछन्
सम्पर्कमा हुँदै जाँदा राम्राका तह घट्दछन्
समय थपिँदै जाँदा वस्तुमा दोष बढ्दछन्
नयाँको चाहना बढ्छ नयाँमा दृष्टि पुग्दछन् ।

नयाँ देखिन्छ जो आज पुराना भोलि भैदिने
ताजा देखिनको लागि गति रोक्नु छ वैलिने
प्रकृतिसँगको नाता कसले तोड्न सक्छ र ?
भोलिको दिन के हुन्छ कसले भन्न सक्छ र ?

प्रविधि जन्मिँदै जाँदा के के ती अघि आउँछन्
आजका गतिला वस्तु नासिँदै तल लाग्दछन्
चाहना फेरिँदै जाँदा फेरिन्छ जगको स्थिति
पुरानासँगको नाता परिवर्तनको गति ।

पुराना सँगको ज्ञान सिक्दै लिँदै गर्‍यौं भने
समस्या सँगको युद्ध सजिलै जित्दछौं भने
संरक्षण गरी राखौं पुराना निधिको सधैं
नयाँको खोजमा लागौं आनन्द मिल्छ नै सधैं ।

***

# स्वच्छता

देखिन्न जलमा माछा पानी छैन सफा भने
देखिन्न चेहरा साफ कपट मनमा रहे
अनेकौं रङ्ग घस्दैमा मुस्कान भर्न मिल्छ र ?
कागजी फूलमा गन्ध भरेर राख्न मिल्छ र ?

कपटी मन बोकेर हिँड्नेको साथ छोड्नु छ
सफा मन हुने मान्छे साथीको लागि रोज्नु छ
कुहिरो बिचको काग अलमल्ल परेसरि
नचिनी साथ हिँड्नाले धोखा मिल्छ घरी-घरी ।

काम पर्दा सँगै हिँड्ने अनेकौं वाहना छरी
आफ्नो काम भए अन्त्य छोडिदिने उसै घडी
यस्ताको साथ छोड्नाले भलो हुन्छ सधैंभरि
जति सक्दो छिटो छाडी बढ्नुपर्छ कसैगरी ।

अरूको सुख देखेर ईर्ष्या गर्ने गर्‍यौं भने
कहिल्यै सुख मिल्दैन भित्रभित्र जल्यौं भने
प्रयत्न सुखको लागि सबैले गर्नुपर्दछ
आफ्नै प्रयासले मात्र सुख त्यो प्राप्त गर्नु छ ।

असन्तोषी भए सोच सुख पाइन्न क्यै गरी
सन्तोष मनमा ल्याए सुख पाइन्छ त्यै घडी
सबैले बुझ्नु यो पर्छ सुखको चाहना भए
आफ्नो सोच सुधारेर सधैं सन्तोषमा रहे ।

***

# भोलि

जानेर कहिले सक्ने संसार यो अपार छ
सिकेर कहिले बुझ्ने विज्ञान यो अथाह छ
धोएर कहिले सक्ने मैला डङ्गुर साथको
पुछेर कहिले सक्ने अनेकौं दाग रङ्गको ।

सबैको सोच बेग्लै छ बेग्लै छ कालको गति
स्वभाव पनि बेग्लै छ बेग्लै छ सबको मति
आजको स्थिति बेग्लै छ भोलिको स्थिति हुन्छ के ?
आज-भोलि-हिजो देख्ने फरक दृश्य बन्छ के ?

शुरू हो अन्त्यको आज केहीले भन्न सक्दछन्
आज नै अन्त्य हो भन्ने आजमा बाँच्न सक्दछन्
भोलिको कल्पना गर्दै आजलाई बिदा गरे
नदेख्दै भोलिको घाम यात्रा टुङ्गिन्छ नै भरे ।

भोलिको दिन के हुन्छ भोलि ले भन्न सक्दछ
अनुमान गरे आज फरक पर्न सक्दछ
अगाडि देखिने मात्र सत्य हो ठान्नुपर्दछ
अनुमान गरेका ती सम्भाव्य भित्र पर्दछ ।

ठोकुवा कसरी गर्ने यही नै हुन्छ त्यो भनी
विश्वास कसरी गर्ने कसैले बोल्दियो भनी
परिवर्तन भैदिन्छ कालको गति पल्पल
क्षणमै नभ उघ्रिन्छ भैदिन्छन् सब झल्मल ।

जानेको छु सबै भन्दै कुर्लनु पनि व्यर्थ छ
जित्न सक्छु सबैलाई यो भन्नु पनि व्यर्थ छ
आफूलाई सबैभन्दा उच्च ठानेर गम्किँदा
दलका दृश्य देखिन्छन् संसारमा यदाकदा ।

***

# नभएको चाह

आँसुको मूल्य के हुन्छ नबुझ्नेहरूको बिच
पानी झैं पसिना लाग्ने मान्छेको भीडका बिच
आशा के गर्न सक्छौ र विवेकहीन छन् जहाँ
नजानु बेस नै हुन्छ उद्यमी व्यक्तिले त्यहाँ ।

सङ्घर्ष जसले गर्छ उसैले बुझ्छ जिन्दगी
आँसु र पसिना चिन्छ बुझेको हुन्छ जिन्दगी
सुखको खोजमा हिँड्ने धेरैले दुःख गर्दछन्
दुःखको साथ जे भेट्छन् त्यसैमा सुख भेट्दछन् ।

दुःखको नभए ज्ञान सुख भेट्दैन ऊ कतै
सुख पाउनकै लागि दुःखमा पर्छ ऊ त्यतै
देश-विदेशमा घुम्छ अनेकौं कर्म गर्दछ
थोरै-थोरै मिले सुख्ख त्यसैमा दङ्ग पर्दछ ।

आफूसँग भएकाको वास्ता गर्दैन क्यै पनि
जे छैन त्यसको गर्छ चाहना प्यासी झैं बनी
धन आर्जनमा लाग्छ सुख पाउन खातिर
क्षणिक सुख भोगेर दुःखमै डुब्छ आखिर ।

परिवार भनी लाग्दा अर्पन्छ पूर्ण जीवन
आफूले दुःख भोगेर सुखी हुन् ती भनीकन
तर सन्तानले बाटो अर्कैतिर घुमाउँदा
नैराश्यले सताएर अनेकौँ दुःख पाउँदा ।

संस्कारहीन सन्तान बुझ्दैन घरको दशा
बाबुआमा रुँदै हेर्छन् चारैतिर यताउता
शक्ति साधन क्यै छैन भरोसा कसको लिने
आफ्नै दोष स्विकार्नेले जिउँदै लास भैदिने ।

***

# सम्पत्तिको महिमा

हरियाली हुँदासम्म जङ्गल प्रिय लाग्दछन्
उजाड जब भैदिन्छ छोडेर नर भाग्दछन्
सम्पत्ति जसमा हुन्छ उसैको गुण गाउँछन्
विभिन्न स्वार्थ बोकेर उसैको पछि लाग्दछन् ।

सम्पत्ति नहुनेलाई सबैले साथ छोड्दछन्
आफन्त जति छन् आफ्ना सबैले मुख मोड्दछन्
हुँदासम्म सबै आफ्ना नहुँदा पर सर्दछन्
जुम्राले लाश छोडे झैँ सबैले साथ छोड्दछन् ।

दिनसक्दा सबै आफ्ना नसक्दा शत्रुझैँ हुने
फल दिन नसक्दामा वृक्ष त्यो काटी नै दिने
स्वार्थपूर्ति हुँदासम्म साथसाथै सबै हुने
अनेकौँ झूट बोलेर साख्खै भई बिताउने ।

आवश्यक हुँदासम्म नजिकै राख्न चाहने
नपर्दा यसको खाँचो फोहरसरि फाल्दिने
हिजोको भूमिका बिर्सी सहजै पर गर्दछन्
घरको जग बिर्सेर कोठा थपेर बस्दछन् ।

मान्छेको सोच कस्तो हो आफ्नालाई रुवाउने
धर्म कर्तव्य बिर्सेर कुकर्ममा रमाउने
विपन्न व्यक्ति जो हुन्छ सबैले त्याग गर्दछन्
हरियो रूख जो सुक्छ चराले बास छाड्दछन् ।

***

# हाँसेर बाँच्नुपर्दछ

अरूलाई खुसी पार्दा जिन्दगी यो सबै गयो
भएका जति थे आफ्ना सबै खाली यहाँ भयो
खोक्रियो जिन्दगी आफ्नो शिथिल भो सबैतिर
जन्मिँदैनन् कुनै इच्छा दुखेको छ कतैतिर ।

कोही पनि खुसी छैनन् जस छैन कतै पनि
"हामीलाई गर्‍यौँ के र ?" भन्दै हिँड्छन् सबै अनि
के सोचे कसरी बोले सुन्दा अचम्म लाग्दछ
सम्पूर्ण सुख अर्पेको गल्ती भो सरि लाग्दछ ।

आफ्नो लागि नबाँचेर अरूकै निम्ति बाँचियो
अरूलाई सजाएर त्यसैमा आफू हाँसियो
अरूकै लागि हाँसिन्थ्यो उनैका लागि रोइयो
आफूसँग नराखेर उनैमा सब बाँडियो ।

आफ्नो बाटो सबै लागे एक लियो त जीवन
न रह्यो देहमा शक्ति न रह्यो साथमा धन
पछुतो आज लाग्दै छ सम्झेर अघिका कुरा
आफ्नो इच्छा दबाएर अरूको गरिँदा पूरा ।

होसमा आउनै पर्छ आफ्नो यो सब खातिर
बेलैमा नगरे ख्याल पछुतो हुन्छ आखिर
आफू बाँचेर गर्ने हो अरूको निम्तिमा पनि
आफू हाँसेर बाँच्ने हो सधैँभरि खुसी पनि ।

आफ्नो माया गरौँ आफै आफैमा रही केन्द्रित
आफैलाई खुसी राख्न हुनुपर्दछ केन्द्रित
वरिपरि सबै राखी माझमा आफू बस्नु छ
सबैलाई गरी राम्रो आफू हाँसेर बाँच्नु छ ।

विज्ञानले यही भन्छ खोजी गरौँ निरन्तर
सधैँ सक्रियता साथ लागि परौँ निरन्तर
आविष्कार नयाँ गर्दै नयाँ समाज रच्नु छ
अनेकौँ सुख आनन्द मान्छेले अब भोग्नु छ ।

***

# पूर्ण कतै छैन

थोरै सन्तुष्टि पाएर त्यसैमा रम्दछन् कति
सधैं आनन्दका साथ खुसीले बाँच्दछन् कति
कतिको मन मर्दैन जे जे सुख मिले पनि
सधैं खोजी गरेकै छन् भेटिन्छ कि कतै भनी ।

अतृप्त रहँदासम्म खोजी हिँड्छ जताततै
खोजेको वस्तु मिल्दैन भौतारिन्छ जताततै
जब मिल्दैन चाहेको अरूमा दोष लाद्दछ
आफ्नो दोष लुकाएर दासत्वसँग भाग्दछ ।

दोषमुक्त हुने प्राणी पाइँदैन कतै पनि
मात्रा भिन्न हुने गर्छ प्रत्येक व्यक्तिमा पनि
दोष धेरै हुने व्यक्ति एक्लो बन्छ सबैतिर
गुणी पुजिन्छ सर्वत्र बास्ना फैलिन्छ आखिर ।

पूर्ण तृप्त हुने व्यक्ति पाइँदैन कतैतिर
अपूर्ण मित्र खोज्नु छ गम्भीर पूर्ण सागर
अनुसन्धान जो गर्छ अपूर्ण ऊ सधैँ हुने
ऊ सधैँ खोजमा लाग्छ त्यसैमा मस्त ऊ हुने ।

वर्षौंवर्ष भई मात्र नतिजा देखिने हुँदा
निरन्तर नखोजेमा भेटिँदैन कुनै कुरा
एउटा प्राप्तिका साथै अर्को खोज सदा हुने
निरन्तर चलाइन्छ समाप्त कहिले हुने ।

***

# चाहना

भेटिँदैन कुनै साथी घुम्न जाऊँ कतै भने
देखिँदैन कतै शान्ति खुसीसँग बसौँ भने
जता हेर्छु उतै देख्छु पीडा छन् छट्पटी अति
आफ्नै वर्ग लडेका छन् आफन्तकै गरी क्षति ।

दानापानी नपाएर तड्पिन बाध्य छन् कति
बलियाहरूको सामु लत्रिन बाध्य छन् कति
सिउँदो पुछिँदा रुन्छन् कलिला जननीहरू
टुहुरा ती बनेका छन् अबोध बालिकाहरू ।

विनागल्ती ढलेका छन् हजारौँ नर दिन्दिन
गोली वारुदका साथ भुटिँदै छन् हरक्षण
वृद्धा र बालबालिका पिल्सिँदै छन् जतातत‍ै
युवाको लाश देखिन्छन् रणमैदानमा त्यसै ।

नरसंहारको बाटो सबैले त्याग्नुपर्दछ
शान्ति र प्रेमका साथ मिलेर बाँच्नुपर्दछ
मान्छे हामी सबै उस्तै झगडा किन गर्नु र !
अरूलाई रुवाएर खुसी भै किन बस्नु र ?

पीडा आफ्नो र अर्काको उस्तै हो बुझ्नुपर्दछ
सकेसम्म सबैलाई आफू झैँ ठान्नुपर्दछ
गल्ती गर्ने पहिचानी सजाय दिनुपर्दछ
बेकसुर कसैमाथि सजाय रोक्नुपर्दछ ।

मानव जातिका लागि बस्न योग्य धरा बनोस्
प्रकृतिसँगको नाता सधैँ अमर त्यो रहोस्
सम्पूर्ण जीवका लागि वासस्थान सदा रहोस्
साझा समृद्धको धर्ती सुन्दर शान्त यो बनोस् ।

***

# सद्विचार

कुवामा नभए पानी गाग्री त्यो भर्छ नै कहाँ ?
माटोमा नभए ओस विरुवा सर्छ नै कहाँ ?
बीजमा नभए शक्ति टुसा निस्कन सक्छ र ?
वृक्षमा नभए शक्ति फलमा रस पस्छ र ?

संस्कारहीनको वास संस्कारी कोही बन्छ र ?
आगाको छेउमा राख्दा नतात्ने वस्तु हुन्छ र ?
मनमा क्रोध बोकेर हिँड्नेले शान्ति भेट्छ र ?
शङ्कालु सोच बोक्नेले कोही असल देख्छ र ?

दरिला नभए पाउ भारी बोक्दैन क्वै पनि
आँखामा नभए दृष्टि सक्दैन देख्न क्वै पनि
मनमा नभई इच्छा मान्छे गर्दैन क्यै पनि
जेजस्तो बीज रोपिन्छ फल्नेछ फल त्यै अनि ।

सम्भावना भए मात्र चाहना राख्नुपर्दछ
नबुझी चाहना राख्दा चिन्तामा डुब्नुपर्दछ
जहाँ छ ज्ञानको मार्ग अगाडि हिँड्न योग्य छ
उसैको साथमा हिँड्दा गन्तव्य पुग्न सक्दछ ।

नभए अगुवा योग्य तत्कालै फेर्नुपर्दछ
नसके अगुवा फेर्न विपत्ति भोग्नुपर्दछ
अज्ञानी साथमा हिँड्दा शिखर कसरी छुने ?
लँगडोसँग दौडेर विजयी कसरी हुने ?

सफा दृष्टि भए मात्र ऊ सबैतिर देख्दछ
पानी सफा भए मात्र सफाइ हुन सक्दछ
मन मैलो भएकाको कसरी मन त्यो धुने
सद्विचार भएकाले मन आफै सफा हुने ।

***

# साङ्केतिक भाषा

जहाँबाट मिल्यो शक्ति उसैको भक्ति गर्नु छ
इशारा जसरी मिल्छ त्यसैमा भर पर्नु छ
सीमित स्वार्थको लागि इशारा हुन सक्दछ
आफ्नो हित सबै त्यागी इशारा मान्नुपर्दछ ।

स्वतन्त्र कसरी हुन्छौं इशारामा चल्यौं भने
अगाडि कसरी बढ्छौं अप्ठेरोमा फस्यौं भने
आफूमा नभए शक्ति सहारा खोज्नुपर्दछ
जहाँ छ शक्तिको स्रोत त्यही नै जानुपर्दछ ।

सबै ठाउँ सबै भाषा नबुझ्ने हुन सक्दछ
इशाराले समाधान पूर्णता दिन सक्दछ
भाषा सिकेर भ्याइन्न बाँचेसम्म सिके पनि
नबुझ्दा अरूको भाषा इशारा गर्नुपर्छ नि ।

प्रकृतिले गरेकै छिन् ईशारा धर्तीमा सधैं
नबुझ्दा दुखमा पर्छन् जीवजन्तु यसै सधैं
अदृश्य शक्तिले गर्दा चलेको छ जगत् यहाँ
इशारा उसकै पाई कर्म हुन्छन् सबै यहाँ ।

इशारा जसले दिन्छ केन्द्रमा ऊ सधैं हुने
वरिपरि सधैं घुम्ने प्रभाव उसकै हुने
भाषाको ज्ञान चाहिन्न इशारा बुझ्न सक्दछ
इशारा सबको साझा भाषा हो भन्न मिल्दछ ।

***

# अगाडि बढ्नुपर्दछ

अमूल्य जिन्दगी हाम्रो सस्तैमा सब खर्चियौँ
महत्त्व नबुझी सस्तो ठानेर सब खर्चियौँ
जसको हित सोचेर उनैको साथमा हिँड्यौँ
कालले सब रित्यायो आफू खाली हुँदै गयौँ ।

नबुझ्दै कालको चाल सिद्धिएछ सबै कुरा
सस्ताको सँगले गर्दा सकियो जिन्दगी प्रभा
मिलेन मनमा शान्ति सुख छैन कतै पनि
जीवन सकियो व्यर्थै आफ्ना मान्छे भनी-भनी ।

धर्म-अर्थ गुमाएर रुँदै छ आज यो मन
नबुझी जो भए कार्य भोग्दै छ आज यो तन
आफ्नो मूल्य नबुझ्नेले अरूको बुझ्छ नै कहाँ ?
आफूलाई नचिन्नेले अरू त्यो चिन्छ नै कहाँ ?

आफ्नो महत्त्व आफैले जोगाइ राख्नुपर्दछ
महत्त्व वृद्धिका लागि प्रयास गर्नुपर्दछ
महत्त्व घट्न थालेमा सचेत हुनुपर्दछ
अस्तित्व अन्यथा सारा माटोमा मिल्न सक्दछ ।

अस्तित्वहीन त्यो मान्छे बाँच्नुको अर्थ के छ र ?
कहाँ के कसरी हुन्छ ? कालको हुन्छ के भर ?
नजान्दा डर क्यै हुन्न जानेमा डर पस्दछ
हिँडिँदा चिप्लिने मान्छे उडेमा तल खस्दछ ।

सङ्गत निचको गर्दा आफ्नो नै स्तर घट्दछ
सङ्गत उच्चको गर्दा आफ्नो गौरव बढ्दछ
स्यालको साथमा हिँड्दा स्यालकै भाव सर्दछ
बाघको साथमा हिँड्दा शान र मान बढ्दछ ।

मौरीको साथमा उड्दा फूलको वाग भेट्दछ
भिँगाको साथमा उड्दा फोहोर ठाउँ पुग्दछ
साथी सुयोग्य छानेर सङ्गत गर्नुपर्दछ
सबैको हित सोचेर अगाडि बढ्नुपर्दछ ।

***

# सम्भावना अपार छ

साथमा नहुँदा कोही सङ्ग्रह किन गर्नु र ?
शरीर बाँच्नका लागि सङ्ग्रह गर्नुपर्छ र ?
अनेकौँ जीव बाँच्दै छन् घरगोठ नभैकन
स्वतन्त्रसँग घुम्दै छन् खुसीमा छन् सबै मन ।

रोकटोक कतै छैन कतै जान र आउन
खुला आकाश आफ्नै छ धर्ती सिङ्गै छ आँगन
संविधान र कानून देखिँदैन कतै पनि
स्वयं प्रकृतिले हेर्छिन् प्राणीको हितमा पनि ।

परिवार सबैका छन् जारी छ सृष्टिको क्रम
व्यवहार चलेकै छ चल्नु नै छ गरे श्रम
कारोवार कुनै छैन नाफा-नोक्सान भो पर
बाढी पैरो र चोरीको हुँदै हुन्न कतै डर ।

प्रकृतिसँगको साथ सधैँ नै सुख मिल्दछ
विनामूल्य मिलेकै छ सबैमा सम सादर
सबैको लागि हो धर्ती समान अधिकार छ
सबै मिलेर बस्नाले सम्भावना अपार छ ।

आपसी झगडा गर्दै समय खेर फाल्दछन्
अमूल्य प्रकृतिलाई नचिनेरै विगार्दछन्
बिगार्ने वर्ग हो मान्छे सुध्रिनुपर्छ यो अब
अन्यथा सब नासिन्छ प्राणीको अन्त्य सम्भव ।

***

# पुग्ने हो कसरी घर ?

अमिलो फल चुस्दै छन् गुलियो रस खातिर
आगोमा हात हाल्दै छन् इच्छाको पूर्ति खातिर
ठाउँको नाउँ बिर्सेर हिँडेका छन् निरन्तर
बिर्सिंदा घरको बाटो पुग्ने हो कसरी घर ?

चौबाटा सब भेटिन्छन् यात्राको क्रममा सधैँ
सही बाटो नचिन्नाले पुगिन्छ अन्त नै कतै
यात्रुमा हुनु नै पर्छ मार्गको ज्ञान निश्चय
गन्तव्यसम्मको ज्ञान हुनु नै पर्छ निश्चय ।

सहयोगी सधैँ हुन्नन् सोध्न पाइन्न क्यै पनि
थाकेको हुन्छ त्यो देह हिँड्नै पर्दछ तैपनि
आराम गर्नको लागि ठाउँ हुन्न कतै पनि
कस्तो अचम्मको बाटो सिधा छैन कतै पनि ।

मार्ग निर्देशिका लागि सही व्यक्तित्व चाहिने
सही व्यक्ति नभेटेमा अनेकौँ कष्ट पाइने
सही मार्ग नभेटेरै दुःखमा पर्दछन् सब
अलपत्र परेका छन् नभेट्दा मार्ग त्यो जब

गुरु हुन् ज्ञानका स्रोत मार्गनिर्देश गर्दिने
अनुयायी सबैलाई विवेक ज्ञान भर्दिने
गुरु सुयोग्य छानेर अगाडि बढ्नुपर्दछ
सही गन्तव्यमा पुग्न उनैमा भर पर्नु छ ।

***

# रम्छ यो मन

कल्पना गर्न पाइन्छ सबैले जसरी पनि
गर्न र बोल्न पाइन्न कल्पना गरियो भनी
कल्पना जसले गर्छ खुसीले बाँच्न सक्दछ
यथार्थ कसरी चल्छ यो पनि बुझ्नुपर्दछ ।

खाएको कल्पना गर्दा भोक मेटिन्न पेटको
लाएको कल्पना गर्दा लाज ढाकिन्न देहको
मीठा भाषणले मात्र निर्माण हुन्न क्यै पनि
हाँगा र पातले मात्र अड्दैन वृक्ष त्यो पनि ।

धरामा टेक्नु नै पर्छ जति माथि उडे पनि
औकात देखिने गर्छ दर्जा ठूलो भए पनि
पानीको स्वाद फेरिन्छ मूल बेग्लै भएपछि
वाणीको स्तर पाइन्न दर्जा माथि पुगेपछि ।

नभए जननी साथ कसरी जन्म हुन्छ र ?
नटेकी धरणी मान्छे कसरी बाँच्न सक्छ र ?
शून्य आकाशमा मात्र अडिँदैन कुनै घर
दरिलो घरका लागि धराकै चाहिने भर ।

चाहना नभए भित्र बन्दैन काम क्यै पनि
गाथमा नभए शक्ति चल्न सक्दैन क्वै पनि
प्रेम, विश्वासले मात्र अडेका छन् सबै जन
शान्ति र सुखले मात्र खुसी भै रम्छ यो मन ।

***

# जीवनको यथार्थ

अचम्मको छ यो यात्रा सिक्दैमा सकिने दिन
धर्तीमा जसरी आयो उस्तै नै जान्छ जीवन
न थियो साथमा वस्तु शरीरमा कतैतिर
न थियो धन सम्पत्ति खाली थियो सबैतिर ।

समयसँग बढ्दै गो इच्छा र चाहनाहरू
समाजसँग सिक्दै गो अनेकौँ भावनाहरू
सबैलाई पछारेर अगाडि बढ्न खोज्दछ
सम्पत्ति जोड्नका लागि जेसुकै कर्म गर्दछ ।

धन-सम्पत्तिको रास थुपारी दङ्ग पर्दछ
मान-सम्मानको लागि प्रयत्न पनि गर्दछ
अनेकौँ सुख भोगेर प्रसन्नसँग बस्छ ऊ
आफन्तजनको माझ उँचो ठानेर बस्छ ऊ ।

छोटो जीवनको यात्रा सकिँदै छ क्रमैसँग
थाहा छैन कसैलाई भोलिको आउने दिन
यात्राको क्रममा मिल्ने रातदिन सबैतिर
अप्ठेराहरूको साथ सामना छ निरन्तर ।

भागेर लुक्नको लागि ठाउँ छैन कतैतिर
अदृश्य शत्रु झैँ लाग्छन् आफ्नाहरू सबैतिर
नहुँदा साथमा शक्ति सम्पत्ति व्यर्थ भैदिने
अन्त्यमा सब छाडेर चरीको चाल भैदिने ।

नजानेर गयो याम व्यर्थैमा जोडियो सब
झमेला किन झेलेर बेकार लाग्छ यो अब
अन्त्यमा पाइयो ज्ञान ठीक बेठीक के भनी
क्षमाको याचना गर्दै बिदा भो जिन्दगी पनि ।

***

# कविपरिचय

| | | |
|---|---|---|
| **नाम** | : | विष्णुप्रसाद पन्त |
| **जन्ममिति** | : | २००७ फागुन १ गते |
| **जन्मस्थान** | : | बिर्ता देउराली गा.वि.स. वडा नं. ६, पाटीगैरा, काभ्रे |
| **हालको ठेगाना** | : | का.म.न.पा. वडा नं. ७, चाबहिल, काठमाडौँ |
| **पिता /माता** | : | गुणनिधि पन्त / धनलक्ष्मी पन्त |
| **शिक्षा** | : | - एम.ए. अर्थशास्त्र (२०३६, त्रि.वि.)<br>- एल.एल.बी. (२०३९, त्रि.वि.) |
| **सम्पर्क** | : | website : www.bishnupanta.com<br>मोबाइल : ९८५१०४३२४९ |
| **प्रकाशित कृति** | १) | बजारशास्त्रको सिद्धान्त - २०४६ |
| | २) | सम्झनाको भुल्कामा (कवितासङ्ग्रह - २०६०) |
| | ३) | हिँड्दा हिँड्दै (कवितासङ्ग्रह - २०६४) |
| | ४) | अनुभूतिका तरङ्गहरू (सूक्तिसङ्ग्रह - २०६६) |
| | ५) | स्मृतिका तरङ्ग (संस्मरण– २०७१) |
| | ६) | बोध – (कवितासङ्ग्रह २०७१) |
| | ७) | सम्झनाका क्षितिजमा मन्जु (संस्मरण-२०७४) |
| | ८) | बेलायतदेखि क्यानडासम्म (नियात्रा-२०७७) |
| | ९) | फूलको सुगन्ध (हाइकुसङ्ग्रह-२०७८) |
| | १०) | मनको साइनो (साइनोसङ्ग्रह-२०७८) |
| | ११) | सम्झनाका सुसेली (सुसेलीसङ्ग्रह-२०७९) |
| | १२) | मनोभाव (काव्य- २०८०) |
| | १३) | नथाकेका पाइलाहरू (संस्मरणसङ्ग्रह - २०८१) |
| | १४) | युरोपदेखि क्यानडासम्म (यात्रासंस्मरण - २०८२) |
| | १५) | सृजनाको पुञ्ज (कवितासङ्ग्रह - २०८३) |
| **कार्यरत संस्थाहरू** | १) | २०३७ सालदेखि पशुपति क्याम्पसमा अर्थशास्त्र विषयमा प्राध्यापन करिब ३० वर्ष |
| | २) | पशुपति क्याम्पस, चाबहिलमा २०३८ सालदेखि निरन्तर सहायक क्याम्पस प्रमुख र २०६३-२०७१ सम्म क्याम्पस प्रमुख। |

**अध्यक्ष** : दीपिका ईङ्लिस स्कूल, चाबहिल (२०७७ सलासम्म)
गुणनिधि पन्त स्मृति प्रतिष्ठान (२०६३)
नव पुस्तकालय तथा ज्येष्ठ नागरिक मिलन केन्द्र

**संस्थापक** : पशुपति क्याम्पस, चाबहिल
दीपिका ईङ्लिस स्कूल, चाबहिल
रिलायन्स सहकारी संस्था, चाबहिल-संरक्षक

**सदस्य**
१) व्यवस्थापन समिति-पशुपति मित्र मा.वि., चाबहिल (२०७२ सालसम्म)
२) अर्थशास्त्र विषय समिति, अर्थशास्त्र विभाग, त्रि.वि.वि., कीर्तिपुर २०६०-६३ ।
३) पशुपति क्याम्पस, चाबहिल (२०७८ सालसम्म)
४) वर्ल्ड वाइड सोसियल सर्भिस सेन्टर
५) मुक्तिनाथ दर्शन साहित्य समाज

**सल्लाहकार**
१) जनकल्याण उच्च मा.वि., बौद्ध, महांकाल
२) राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसियसन नेपाल, काठमाडौँ कमिटी

**अभिनन्दन, सम्मान र पदक**

१) २०५८ सालमा पशुपति क्याम्पसद्वारा सम्मान
२) २०६२ सालमा पशुपति क्याम्पसद्वारा अभिनन्दन
३) २०६२ सालमा त्रि-ज्योति उच्च मा.वि.द्वारा सम्मान
४) २०६२ सालमा शिक्षा दिवस पदकसहित प्रमाणपत्र प्रदान (शिक्षा तथा खेलकूद मन्त्रालयद्वारा)
५) २०६६ सालमा युनिभर्सल पिस फेडरेशनद्वारा पिस अवार्थ
६) २०६७ सालमा पशुपति साहित्य अभियानद्वारा स्रष्टा सम्मान
७) २०६८ सालमा भद्रा घले शिक्षा सदनद्वारा सम्मान
८) २०६९ सालमा शान्ति र विकासका लागि नागरिक आवाज संस्थाद्वारा 'राष्ट्र विकास सेवा सम्मान २०६९' प्रदान
९) राष्ट्रिय सेवा सम्मान २०७१ (नेपाल युवा समाजद्वारा)
१०) राष्ट्रिय सेवा सम्मान २०७३ (नागरिक एकता समाजद्वारा)
११) शिक्षा सेवा सम्मान २०७४ (फोकस नेपाल)
१२) Life Time Achievement Award-2025 (फोकस नेपाल)

***